२०६६, माघ - १

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन

वर्ष १८, अङ्क १९ | २०६६, माघ १–१५ | पूर्णाङ्क ४२१



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ **Ext.**२६५१ (सम्पादन), २६५० (छापाखाना), २१०९ (बिक्री)

फ्याक्स: ४२६२८७८, पो.ब.नं. २०४३८

**Email:** infor@supremecourt.gov.np, Web: www.supremecourt.gov.np

## सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री प्रकाश वस्ती | - अध्यक्ष |
| सहरजिष्ट्रार श्री विपुल न्यौपाने | - सदस्य |
| सम्पादक श्री तेजेन्द्रप्रसाद शर्मा सापकोटा | - सचिव |

**सम्पादन शाखामा कार्यरत कर्मचारीहरू**

कम्प्युटर अधिकृत श्री शम्भुप्रसाद आचार्य
मुद्रण अधिकृत श्री उत्सव कान्छा महर्जन
ना.सु. श्री कृष्णवहादुर गुरुङ
डि. श्री सरस्वती खड्का
कम्प्युटर अपरेटर श्री बिदुषी रायमाझी
कार्यालय सहयोगी श्री कृष्णवहादुर श्रेष्ठ


**२०६६ पुस १६ देखि ३० सम्म विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष इजलास | १ |
| पूर्ण इजलास | २ |
| संयुक्त इजलास | ३ |
| इजलास नं. १ | ५ |
| इजलास नं. २ | १६ |
| इजलास नं. ३ | २१ |
| इजलास नं. ४ | ५ |
| इजलास नं. ५ | १३ |
| इजलास नं. ६ | २ |
| इजलास नं. ७ | १ |
| इजलास नं. ८ | ७ |
| इजलास नं. ९ | ८ |
| इजलास नं. १० | २० |
| एकल इजलास | ४ |
| **जम्मा** | **१०८** |

**यो समाचार बुलेटिन हो । निर्णय संक्षेपीकरण गर्दा इजलासले नै प्रयोग गरेका शब्द यहाँ नपरेका पनि हुन सक्दछन् । यहाँ उल्लिखित निर्णयहरूको नक्कल लिन सकिनेछ । अबउप्रान्त सर्वोच्च अदालतको वेभसाइट www. supremecourt.gov.np बाट अध्ययन गर्न सकिनेछ ।**

**२०६६ साल माघ १ देखि १५ गतेसम्म मुद्दाको लगत फछ्र्यौट विवरण**

| क्र.सं | बिषयगत मुद्दा | लगत | | | फछ्र्यौट संख्या | बाँकी |
|---|---|---|---|---|---|---|
| | | जिम्मेवारी सरेको | यस वर्ष परेको | जम्मा | | |
| 1= | देवानी पुनरावेदन | ३६५२ | ५७८ | ४२३० | १०१५ | ३२१५ |
| 2= | फौजदारी पुनरावेदन | २३६७ | ४२८ | २७९५ | ५६१ | २२३४ |
| 3= | देवानी पूर्ण इजलास | ६७ | ६ | ७३ | ५८ | १५ |
| 4= | फौजदारी पूर्ण इजलास | ३६ | ४ | ४० | ३१ | ७ |
| 5= | वन्दीप्रत्यक्षीकरण | ३ | ३७ | ४० | ३७ | ३ |
| 6= | साधारण रिट | २६०० | ६७२ | ३२७२ | ७२६ | २५४६ |
| 7= | पूर्ण इजलास रिट | ११ | ३ | १४ | ४ | १० |
| 8= | विशेष इजलास रिट | ६४ | ३२ | ९६ | ३४ | ६२ |
| 9= | साधक | ८८ | ३४ | १२२ | ४७ | ७५ |
| 10= | दोहोऱ्याई पाऊँ देवानी | १०९५ | ४९१ | १५८६ | ६८२ | ९०४ |
| 11= | दोहोऱ्याई पाऊँ फौजदारी | ३६४ | १४९ | ५१३ | २२९ | २८४ |
| 12= | पुनरावलोकनको निवेदन | ४५१ | २६९ | ७२० | १२८ | ५९२ |
| 13= | पुनराबेदनको अनुमति निवेदन | १०५ | ९ | ११४ | २३ | ९१ |
| 14= | विविध | ७२ | १० | ८२ | १६ | ६६ |
| 15= | निवेदन | १० | १६२ | १७२ | ११५ | ५७ |
| 16= | प्रतिवेदन | १४ | १०१ | ११५ | ५१ | ६४ |
| 17= | अवहेलना | ० | ० | ० | ० | ० |
| 18= | संक्षिप्त | ० | ० | ० | ० | ० |
| 19= | फुटकर | ० | ० | ० | ० | ० |
| | जम्मा | १०९९९ | २९८५ | १३९८४ | ३७५९ | १०२२५ |

**२०६६ साल माघ १ देखि १५ गतेसम्मको मुद्दातर्फको संख्यात्मक विवरण**

| | | | |
|---|---|---|---|
| (क) कार्यदिन | १२ | (ङ) आदेश संख्या | २९६ |
| (ख) पेशी चढेका मुद्दा संख्या | २१९१ | (च) फछ्र्योट संख्या | ३६९ |
| (ग) कानून व्यवसायीद्वारा स्थगित भएका मुद्दा संख्या | ६२० | (छ) हेर्न नभ्याएका | ७९३ |
| (घ) हेर्न नमिल्ने मुद्दा संख्या | ९७ | (ज) नि.सु. संख्या | १६ |

**समूहकृत** (अभियान) **मुद्दाहरूको २०६६ माघ १५ गतेसम्मको स्थिति**

पहिलेको संख्यामा पछिल्लो एक वर्ष (२०६२ असार) सम्म दायर मुद्दा पनि समूह (पेनल) मा समावेश

| समूह | कूल मुद्दा | फैसला | बाँकी | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | हेर्दाहेर्दै | नि.सु. | पेशी | मेलमिलापमा गएको | अन्य | जम्मा |
| फौजदारी | ३६६ | १२० | १९ | | १२८ | - | ९९ | २४६ |
| देवानी | ११८१ | ६१९ | ४७ | ४ | २७८ | ४० | १९३ | ५६२ |
| रिट/वाणिज्य | १८५ | १५७ | ४ | ३ | | - | | २८ |

**उद्धरणः** *सअ* बुलेटिन २०६... ... १ वा २ पूर्णाङ्क .... , पृष्ठ ....
(साल) (महिना)

**उदाहरणार्थः** *सअ* बुलेटिन, २०६६, माघ- १, पूर्णाङ्क ४२१, पृष्ठ १०

का.जि.द.नं. ३९।०४९।०५०

**नेपाल कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिन**
**अब हाम्रो वेभसाइटमा उपलव्ध छन्**

ठेगाना

www.supremecourt .gov.np

- यो वेभसाइट खोलेपछि बायाँतर्फ **Nepal Kanoon Patrika** तथा त्यसको तल **Supreme Court Bulletin** मा क्लिक गर्नुहोस् ।
- २०६६ साल वैशाखदेखिका यी पत्रिकामा समाविष्ट निर्णयहरु पढन र हाल निःशुल्क डाउनलोड गर्न सकिनेछ ।

**नेपाल कानून आयोगको वेभसाइटमा संविधान समेत हालसम्म २५० जति ऐनहरु र तीमध्ये १०० वटा जति ऐनको अंग्रेजी अनुवाद निःशुल्क पढन र डाउनलोड गर्न सकिन्छ ।**

ठेगाना

www.lawcommission .gov.np

मूल्य रु.१५।-

मुद्रकः सर्वोच्च अदालत, छापाखाना, रामशाहपथ, काठमाडौं ।

## विशेष इजलास

**मा.न्या.श्री अनूपराज शर्मा, मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. ०६४-WS-०००२, परमादेश समेत, *राजीव बास्तोला समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

पुर्पक्षको लागि थुनामा राख्ने विषयले कसैलाई पनि पूर्ण वा अन्तिम रुपमा कसूरदारको रुपमा चित्रण गरेको हुँदैन । त्यो एउटा पूर्वावस्थासम्म हो । यस्तो तर्क गर्दै जाने हो भने अनुसन्धानको क्रममा प्रहरी हिरासतमा रहने अवधिलाई पनि गैह्रकानूनी भन्नुपर्ने हुन्छ । जसलाई निषेध गर्ने हो भने कुनै पनि फौजदारी मुद्दाको अनुसन्धान प्रक्रिया नै सञ्चालन गर्न सकिँदैन । त्यसरी नै शंकित आरोपित समाजमा खुल्ला रुपमा हिड्न सक्ने भै समाजले नै असुरक्षित महसूस गर्नुपर्ने तथा प्रमाण नष्ट गर्नसक्ने उच्च सम्भावना रहन जानुका साथै कतिपय अवस्थामा त्यस्ता अभियुक्तहरूको जीउ ज्यान नै खतरामा रहन्छ । त्यसकारण केवल तर्कको लागि गरिने तर्कले समस्याको हल दिन नसक्ने ।

न्यायाधीश वा मुद्दा हेर्ने अख्तियार पाएको अधिकारीले कुनै पनि आरोपित व्यक्तिलाई बिना कुनै प्रमाण पुर्पक्षको लागि थुनामा राख्दछ भन्ने निवेदकहरूको सोच गलत हुनुका साथै न्यायिक प्रक्रियामाथि अविश्वासमात्र देखिन्छ । त्यस्तो दावीलाई कुनै पनि दृष्टिकोणबाट मान्यता दिन सकिँदैन । केही मुद्दामा तत्कालप्राप्त प्रमाणबाट कसूरदार देखिएका अभियुक्तहरू पछि प्राप्त प्रमाणबाट निर्दोष पाइएका हुन्छन् । तर, अधिकांश मुद्दामा त्यस्तो अवस्था रहदैन । अपवादात्मक रुपमा केही कमी कमजोरी रहन जाने विषयलाई सामान्यीकरण (Generalization) गरी समग्र प्रणाली नै भत्काउन खोज्नु उचित नहुने ।

इजलास अधिकृत : नारायण सुवेदी

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल भदौ ११ गते रोज ५ शुभम् ।

## पूर्ण इजलास

१.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** रिट नं. ०६६-WH-०००३, बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनाबाट मुक्त गरी पाऊँ, *गणेशबहादुर बोहरा वि.महानगरीय प्रहरी परिसर हनुमानढोका काठमाडौँ समेत*

बन्दी भनिएको व्यक्ति आजको दिनमा थुनामा नरहेको भन्ने आधिकारिक निकायबाट अदालतलाई जानकारी गराएको हुँदा बन्दीको अवस्था समाप्त भइसकेकोले बन्दी बनाइएको अवस्था गैह्रकानूनी थियो थिएन भनी विचार गर्नु परेन । बन्दी भनी दावी गरिएको व्यक्ति थुनामुक्त भइसकेकोले प्रस्तुत निवेदनको औचित्य स्वतः समाप्त भएको देखिने ।

थुनाबाट मुक्त भइसकेकाले संयुक्त इजलासमा दुई भिन्न राय व्यक्त गर्ने माननीय न्यायाधीशहरूमध्ये कसको राय कायम हुने भन्ने तर्फ पनि विचार गरिरहन नपर्ने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

इति संवत् २०६६ साल मंसिर ११ गते रोज ५ शुभम् ।

२.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** पु.नं. ०६५-CF-०१३, कर्तव्य ज्यान, *टेकबहादुर साँवा(लिम्बू) वि. नेपाल सरकार*

संयुक्त इजलासले मिति २०६४।११।१७ गते पुनरावेदन अदालत इलामको फैसला साधकको रोहमा जाँच गर्दा गरेको फैसला प्रतिवादीको पुनरावेदन परेको सन्दर्भमा कायम रहन नसक्ने हुँदा उक्त मितिको फैसला बदर हुने ।

प्रतिवादी बारदातभन्दा पहिला कुनै पनि मानसिक असन्तुलन (Mental Abnormally) बाट

ग्रस्त भएको पाइँदैन । आफूले आफ्नो जीवनको दैनिकी र पेशासम्बन्धी काम पनि सूचारु ढंगले नियमित गरेको देखिन्छ । यस्तो अवस्थामा आफ्नो स्वस्वेच्छाले मादक पदार्थ सेवन गरेको र सो सेवनसमेतको असरबाट थप उत्तेजित भई मृतकलाई अन्धाधुन्ध कुटपीट गरेको कार्यबाट मृतकको मृत्यु भएको हुँदा त्यस्तो अपराधलाई मनसायप्रेरित हत्याकै कोटीमा राखेर हेर्नु पर्ने हुन्छ । त्यस कारण मादक पदार्थको सेवनबाट मातेकोले होस नभएको अवस्थामा कुटपीट गरेको भन्ने आधारमा मनसायरहित हत्याको बारदात ठहराउनु न्यायोचित नहुने ।

प्रतिवादीले अपराध गरेको परिस्थिति निजले अनुसन्धान र न्यायिक प्रक्रियामा देखाएको सहयोग र सदाशयता बालबच्चाप्रति व्यक्त गरेको आफ्नो जिम्मेवारीको अनुभूति पूर्वआपराधिक पृष्ठभूमिको अभाव र आफू सुध्रन सक्ने भनी व्यक्त गरेको याचनाभावबाट निज आफूले गरेको आपराधिक कार्यबाट नितान्त दुःखी भएको र पश्चाताप व्यक्त गरेको समेत देखिन्छ । यी सम्पूर्ण कुराहरूको विश्लेषण गरी हेर्दा प्रतिवादीलाई ऐनले हुने सजायमा कमी गर्न सक्ने विशेष तजवीजि अधिकारको प्रयोग गर्नु उचित हुने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल कात्तिक १२ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१.

**स.का.मु.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. ०६३-CI-००६३, पर्खाल भत्काई पाऊँ, *कदम प्रधान वि. डा.कृष्णबहादुर कार्की समेत*

नक्सा पासका समयमा निश्चित गरिएका शर्त, साइटप्लान र पास भएको नक्सा समेतको पालना गराउने सन्दर्भमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१ को अधीनमा रही नगरपालिकाले निर्णय गर्न पाउने नै हुन्छ । कानूनले नगरपालिकालाई प्रदान गरेको सो अधिकारका आधारमा गरेको निर्णयलाई अधिकारक्षेत्रविहीन भन्न नमिल्ने ।

प्रतिवादी कदम प्रधानले नक्सा पास प्रमाणपत्रमा उल्लिखित शर्तको पालना नगरी कम्पाउण्ड वाल निर्माण गरेको भन्ने स्पष्ट भएको हुँदा कानूनले दिएको अधिकार प्रयोग गरी पारित नक्सा विपरीत निर्मित पर्खाल भत्काई दिनुपर्ने ।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६६ साल कात्तिक २३ गते रोज २ शुभम् ।

२.

**स.का.मु.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६१ सालको दे.प.नं. ८२७९, निषेधाज्ञा, *कदम प्रधान वि. भक्तराज राजकर्णिकार समेत*

निषेधाज्ञाका लागि निर्विवाद हक स्थापित गर्ने दायित्व सम्बन्धित निवेदकमा नै रहन्छ । पर्खाल भत्काई आफ्नो जग्गा समेत गोरेटो बाटोमा समावेश गरी बाटो विस्तार गरी जग्गा खिचोला गरेकोले खिचोला मेटाई पाऊँ भनी दायर गरेको मुद्दा हाल पुनरावेदन अदालतमा विचाराधीन रहेको भन्ने देखिएको छ । यसरी आफू स्वयंद्वारा दायर गरिएको मुद्दामा पर्खाल भत्काई बाटो समेत निर्माण भैसकेको भन्ने तथ्यलाई उल्लेख गरिएको अवस्थामा एकातिर बाटो निर्माणको कार्य सम्पन्न भैसकेको भन्ने देखिन्छ भने अर्कोतर्फ निवेदकको निर्विवाद हकभोगको स्थिति पनि विवादित हुन पुगेको देखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६६ साल कात्तिक २३ गते रोज २ शुभम् ।

३.

**स.का.मु.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. ८५७७, जग्गा निखनाई पाऊँ, *सीताराम अहिर वि. इन्द्रनाथ कुर्मी*

प्रतिवादीले आफूले जग्गा खरीद गरी लिएको मिति अर्थात् मिति २०५१।३।२५ मा नै

वादीले थाहा पाएको भन्ने जिकीर लिएको भए तापनिं सो जिकीरलाई पुष्टि हुने खालको प्रमाण पेश गर्न सकेको भने पाइदैन । सो जग्गा राजीनामा पारित गरी दिँदा लिँदा यी वादीलाई साक्षी राखेको वा निजको मञ्जूरी लिएको अवस्था पनि सम्बन्धित लिखतबाट देखिँदैन भने प्रतिवादी स्वयंले नै त्यस्तो जिकीर लिन सकेको अवस्था छैन । अड्डामा गई लिखत पारित गरी लिने दिने वा हक हस्तान्तरणको प्रक्रिया पूरा हुने हुँदा त्यस्तो विषयको जानकारी सम्बन्धित व्यक्तिहरूबाहेक अरुलाई तत्कालै हुन्छ र हुनुपर्छ भनी मान्न सम्झन नमिल्ने ।

मुद्दामा गरिएको नक्सा सर्जमिन त्यसको कैफियत व्यहोरा र सर्जमिनका मानिसहरूको कथन समेतबाट न.नं. ५ कित्ता नं. ४२ को वादीको जग्गाको दक्षिणतर्फको सतह न.नं. ६ कित्ता नं. ४५ को प्रतिवादीको दक्षिणतर्फको सतहभन्दा ० ६ से.मी. अग्लो रहेको भन्ने स्पष्ट रुपमा देखिएको छ । त्यसरी आफ्नो जग्गाभन्दा गहिरो जग्गाबाट आफ्नो जग्गामा सिंचाई हुँदै आएको भन्ने वादीको कथन विश्वसनीय नदेखिने ।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६६ साल कात्तिक २३ गते रोज २ शुभम् ।

**इजलास नं. १**

१.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री बलराम के.सी.**, २०६४ सालको रिट नं. १०१७, उत्प्रेषणयुक्त परमादेश, *डा.सीतामैया सिँह थापा वि. त्रिभुवन विश्वविद्यायल समेत*

त्रि.वि. संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० बमोजिम डिन नियुक्तिको लागि सिफारिश गर्न गठन गरेको समितिले निवेदकको नाम सिफारिश नगरेको र विपक्षी अम्बरप्रसाद पन्त समेतको नाम सिफारिश गरेको तथा निज अम्बरप्रसाद पन्त डिन पदमा नियुक्ति हुनको लागि योग्यता पुगेको व्यक्ति भएको अवस्थामा निज अम्बरप्रसाद पन्तलाई डिनको पदमा नियुक्ति गर्ने कार्य कानूनविपरीत भएको नदेखिने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी

कम्प्युटर : मुकुन्द विष्ट

इति संवत् २०६६ साल कात्तिक १० गते रोज ३ शुभम् ।

२.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री तपबहादुर मगर**, २०६६ सालको रिट नं. ०६६-WO-०५३१, उत्प्रेषणयुक्त परमादेश, *कृष्ण के.सी. समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकले प्रस्तुत रिट निवेदनमा मूलतः नागरिक वेपत्ता पार्ने तथा यातना दिने कार्यमा प्रत्यक्ष संलग्न भई दोषी देखिएका प्रत्यर्थी तोजण जंगबहादुर सिँहलाई कारवाही, निलम्वन र सजायभागी बनाउनुपर्नेमा त्यसको विपरीत नेपाली सेनाको उपरथीबाट रथी पदमा वढुवा गर्ने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०६६।९।९ मा भएको निर्णय तथा नियुक्ति बदरको माग गरी सोको अन्तिम टुङ्गो नलागेसम्म उक्त मिति २०६६।९।९ को नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय कार्यान्वयन नगर्नु नगराउनु भन्ने अन्तरिम आदेश समेत जारी गरिपाऊँ भन्ने माग गरेको देखियो ।

१० नं. बाहिनी मातहतको भैरवनाथ गण, महाराजगञ्जमा यी निवेदक कृष्ण के.सी. समेतलाई थुनामा राखी यातना दिने तथा अन्य थुनुवाहरूलाई वेपत्ता पार्नेलगायतका मानव अधिकार विरोधी गैरकानूनी क्रियाकलापमा संलग्न रहेको भन्ने विषयसँग सम्बन्धित यिनै निवेदक कृष्ण के.सी. समेतले यसै अदालतमा मिति २०६३।४।११।५ मा दायर गरेको रिट निवेदनमा एक उच्चस्तरीय आयोग गठन गरी मानव अधिकारको उल्लंघन गर्ने प्यारजंग थापा, राजु बस्नेत, विवेक विष्ट, इन्दिवर राणा र दिलीप रायमाझीलगायत अन्य मानव अधिकारको उल्लंघन गर्ने माथि कारवाही गर्न गराउन भनी नेपाल सरकारको

नाउँमा परमादेशलगायतको आज्ञा आदेश जारी गर्न माग गरेको अवस्था पनि देखिएको छ ।

यसरी हाल निवेदकले मानव अधिकार उल्लंघन गर्ने दोषी भनी प्रस्तुत रिट निवेदनमा उल्लेख गरेका विपक्षी तोरण जंगबहादुर सिँहको नाम तत्कालको अवस्थामा यी रिट निवेदकले किटान गर्न सकेको अवस्था देखिन आएको छैन ।

निवेदकहरू तर्फका विद्वान कानून व्यवसायीहरूले बहसको क्रममा उल्लेख गर्नु भएको सैनिक ऐन, २०६३ को दफा १३(घ) को व्यवस्थामा पनि मानव अधिकार हननमा कसूरदार ठहरिएको व्यक्तिलाई पदोन्नति गर्न नमिल्ने भन्ने उल्लेख भएको अवस्था देखिन्छ । विपक्षीमध्येका तोरण जंगबहादुर सिँहलाई मानव अधिकार उल्लंघनमा कसूरदार ठहरिसकेको प्रमाणित हुने आधिकारीक निर्णय प्राप्त भएको स्थिति पनि देखिएको छैन । विपक्षी तोरण जंगबहादुर सिँहको तर्फका कानून व्यवसायीहरूले पेश गर्नु भएको मिति २०५९।१०।२ र मिति २०६३।४।२९ को पत्रहरूको छाँयाप्रतिबाट नेपाली सेनाको १० नं. बाहिनी हेडक्वाटर मातहत रहेको भैरवनाथ गण महाराजगञ्ज समेतका ६ वटा निकायका मानव अधिकार हनन गर्ने सम्बन्धित व्यक्ति तथा त्यस्तो घटना भए गरेको थाहा पाएर पनि कानूनी कारवाही नगरी दवाउने छिपाउने सम्बन्धित पतिहरूलाई समेत कारवाही हुने तथ्य उल्लेख गरी परिपत्रद्वारा जानकारी गराएको स्थिति देखिन आएको छ ।

अर्कोतर्फ विपक्षी तोरण जंगबहादुर सिँह मिति २०६३।१२।६ मा नेपाली सेनाको सहायक रथीबाट उपरथीमा वढुवा भएको देखिन्छ र त्यस वखत निजउपर मानव अधिकार उल्लंघन लगायतको प्रश्न उठेको अवस्था पनि देखिन आएको छैन । हाल मिति २०६६।९।९ मा निजलाई रथीको पदमा वढुवा गर्ने गरी निर्णय भई उक्त पदमा निज पदस्थापन भई निज समेत संलग्न रहेको वढुवा समितिले अन्य वढुवासम्बन्धी कारवाही समेत गरेको भन्ने देखिन आएको छ ।

यसै अदालतमा परेको निवेदक इन्हुरेड इन्टरनेशनलका कार्यकारी निर्देशक अधिवक्ता श्रीकृष्ण सुवेदी र विपक्षी नेपाल सरकार रक्षा मन्त्रालय समेत भएको रिट नं. ०४८६ को उत्प्रेषण समेतको निवेदनमा यसै अदालतको पूर्ण इजलासबाट नियुक्तिपत्र पाई कार्य सम्पन्न भै सकेको हकमा सुविधा र सन्तुलनका दृष्टिले अन्तरिम आदेश जारी हुने अवस्थाको विद्यमानता नहुँदा अन्तरिम आदेश जारी गर्न औचित्यपूर्ण एवं उपयुक्त नहुने भन्ने व्यहोरा उल्लेख भई रहेको अवस्था पनि देखिएको छ ।

विपक्षीमध्येका तोरण जंगबहादुर सिँहले हाल उपरथीबाट रथीमा वढुवा पाई वढुवासम्बन्धी निर्णय कार्यान्वयन भई सकेको भन्ने देखिएको, निजले मानव अधिकार उल्लंघन गरेको कसूरमा सजाय पाइसकेको भन्ने अवस्था पनि तत्काल नदेखिएको र निजले पाएको वढुवा बदर हुने नहुनेसम्बन्धी समग्र कुरा प्रस्तुत रिट निवेदनको अन्तिम किनारा हुँदा निराकरण गरिने विषय भएको हुँदा निवेदकको माग बमोजिमको अन्तरिम आदेश जारी गर्न मिलेन । यस अदालतबाट मिति २०६६।९।१९ मा जारी भएको अन्तरिम आदेशलाई निरन्तरता प्रदान गर्न परेन ।

प्रस्तुत मुद्दामा रिट निवेदकले उठाएको विषयवस्तुको गाम्भीर्यतालाई दृष्टिगत गर्दा प्रस्तुत मुद्दा चाँडो किनारा गर्नुपर्ने देखिएकोले पूर्ण सुनुवाईको लागि मिति २०६६।११।९ को पेशी सूचीमा चढाई नियमानुसार गरी पेश गर्नू ।

इति संवत् २०६६ साल माघ १० गते रोज १ शुभम् ।

३.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री ताहिर अली अन्सारी**, २०५९ सालको फौ.पु.नं. २८६४, *काजीमान डंगोल वि. विशेष प्रहरी विभाग,* २०६३ सालको फौ.पु.नं. ०४६३, ०४७२ र ०५९०, *शंकरप्रसाद सिग्देल वि. विशेष प्रहरी विभाग, बद्रीप्रसाद शर्मा वि. विशेष प्रहरी विभाग, शरद कोइराला वि. विशेष प्रहरी विभाग*

नेपाल सरकारसँग भएको सम्झौताअनुसार भएको लगानीबाट तयार हुने वा निर्णय हुने आयोजनामाथि नेपाल सरकारकै स्वामित्व रहने हुनाले पनि नेपाल सरकारको प्रत्यक्ष आँशिक लगानी बाहेकको लगानी पनि सरकारी वा सार्वजनिक सम्पत्तिको परिधिभित्र पर्न आउँछ । सम्झौताका शर्तअनुसार निर्माण कार्य र लेखा अनुगमनसम्बन्धी जे जस्तो अनुगमन प्रक्रियामा सहमति भए पनि सो सम्पत्तिमा आँशिक नेपाल सरकारको र आँशिक दाता राष्ट्र वा निकायको स्वामित्व कायम रहने होइन । अपितु साझा प्रयास र लगानीबाट सम्पन्न आयोजनाको सम्पत्ति पनि सरकारी वा सार्वजनिक प्रकृतिको हुने हुनाले स्वीस सरकारको सहयोगबाट आयोजना निर्माण भएकै कारण त्यसलाई सरकारी वा सार्वजनिक सम्पत्ति होइन भन्न मिल्दैन । त्यस्तो सम्पत्ति पनि सरकारी वा सार्वजनिक सम्पत्ति भएकोले त्यस्तोमा कुनै प्रकारले हिनामिना वा भ्रष्टाचार गरे भएमा भ्रष्टाचारसम्बन्धी कसूर कायम गर्न र मुद्दा दायर गर्न भ्रष्टचार निवारण ऐन, २०१७ को दफा २४ (क) ले हदम्याद सीमित नगरेकोले प्रस्तुत अभियोग दावी पनि हदम्यादभित्रै दायर भएको देखिने ।

अनुसन्धानको सिलसिलामा गरेको वयानबाहेक अन्य स्वतन्त्र, निश्चयात्मक र ठोस प्रमाणबाट अभियोग दावी प्रमाणित भएको नदेखिँदा प्रमाणको उचित मूल्याङ्कन नगरी निजहरूलाई कसूरदार ठहराई सजाँय गर्न नमिल्ने ।

इजलास अधिकृत : कमलराज विष्ट

कम्प्युटर : मुकुन्द विष्ट

इति संवत् २०६६ साल कात्तिक १६ गते रोज ३ शुभम् ।

४.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६१ सालको फौ.पु.नं. ३३९८, कुटपीट लुटपीट, *दिनेशदास पटनवार समेत वि. जोगिन्दर भर समेत,* २०६२ सालको फौ.पु.नं. ३१७८, *जीउतदास पटनवार समेत वि. दिनेशदास पटवार समेत*

जिल्ला अदालतबाट प्रतिवादीहरू जीउतदास, भगवन्त, रामसकल, शेषमन, अनिरुद्र र जोगिन्दर समेतले कुटपीट गरेको ठहराई भएको हदसम्मको शुरु फैसला पुनरावेदन अदालतबाट सदर भएको अवस्था देखिन्छ । सो फैसलाबाट कुटपीटको कसूर ठहरिएका प्रतिवादी रामसफल, शेषमन, अनिरुद्र र जोगिन्दरले सो फैसलाउपर यस अदालतमा पुनरावेदनसम्म नगरी कुटपीटको वारदातलाई स्वीकार गरी बसेको पाइयो । अर्कोतर्फ वादीको साक्षी राम सकल दासले आफ्नो बकपत्रमा वादीलाई कुटपीट गर्नेमा यी प्रतिवादी भगवन्त समेत थिए भनी निजको नाम उल्लेख गर्न सकेको देखिँदैन । यस्तो अवस्थामा यी प्रतिवादी भगवन्तलाई कुटपीट वारदातमा संलग्न भएको भनी कसूर ठहर गर्नु न्यायोचित नदेखिने ।

पुनरावेदक प्रतिवादी जीउत दास पटनवारको हकमा विचार गर्दा निज समेतले वादीमध्येको दिनेश दासलाई लात, मुक्का र लाठीले हानेको भनी वादीले किटानी दावी गरेको, सो तथ्यलाई वादीको घा जाँच प्रतिवेदन र सो साथ संलग्न निवेदन एवं वादीका साक्षीको किटानी बकपत्रबाट समेत समर्थन भएको पाइँदा निजको हकमा पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृत : कमलराज विष्ट

कम्प्यूटर : बेदना अधिकारी

इति संवत् २०६६ साल असोज २९ गते रोज ५ शुभम् ।

५.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६१ सालको फौ.पु.नं. ३६१७, सरकारी छाप दस्तखत कीर्ते, *नेपाल सरकार वि. जयप्रकाश कौशल*

प्रतिवादीले पेश गरेको वीर अस्पतालको टिकट नं. २१६१९ को इमर्जेन्सी टिकट र अस्पतालको छाप सो अस्पतालकै भए पनि सो टिकटमा यी प्रतिवादी विरामी भई उक्त अस्पतालमा मिति २०५६।१०।८ मा भर्ना भई मिति २०५६।१०।१० मा डिस्चार्ज भएको भनी लेखी लेखाई डाक्टरको हस्ताक्षरबाट औषधिहरू समेत

उल्लेख गराएको अन्य सबै व्यहोरा उक्त अस्पतालको चिकित्सकबाट लेखिएको भन्ने नदेखिएको स्थितिमा वीर अस्पतालको इमरजेन्सी विभागको खाली टिकट लिई सो टिकटमा प्रतिवादी जयप्रकाश कौशल विरामी भएको र औषधिहरूको नाम समेत उल्लेख गरी मिति २०५६।१०।८ मा भर्ना भई मिति २०५६।१०।१० मा डिस्चार्ज भएको भनी लेखाइएको अन्य सबै व्यहोरा प्रतिवादी स्वयम्ले कीर्ते गरी लेखी लेखाई वीर अस्पतालकै टिकट हो भन्ने प्रतीत पार्नेसम्मको कार्य प्रतिवादीले गरे गराएको देखिन आयो । यसरी प्रतिवादीले लेखाएको उक्त विवादित व्यहोराबाट यिनै प्रतिवादी जयप्रकाश कौहलले लगाउको कर्तव्य ज्यान मुद्दाको वारदात मिति २०५६।१०।९ मा काठमाडौँमा थिएँ भनी लिएको जिकीर समर्थन गराई सो कर्तव्य ज्यान मुद्दाको अभियोग दावीबाट उन्मुक्ति पाउने उद्देश्य लिई प्रमाणको रुपमा प्रस्तुत विवादको इमरजेन्सी टिकटको व्यहोरा खडा गरेको कुरा पुष्टि हुने ।

इजलास अधिकृत : विदुर कोइराला

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल मंसिर २४ गते रोज ४ शुभम् ।

## इजलास नं. २

१.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६५ सालको फौ.पु.नं. CR-०३५०, भ्रष्टाचार, *गोपालप्रसाद चौधरी वि. नेपाल सरकार*

प्रतिवादी गोपालप्रसाद चौधरीले माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेशबाट सन्. १९८२ मा अनु. ९३४१८० बाट हाइस्कूल परीक्षा उत्तीर्ण गरेको भनिएका शैक्षिक योग्यताका प्रमाणपत्रहरू अनुसन्धानको क्रममा उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुरमार्फत माध्यमिक शिक्षा परिषद् इलाहावादमा प्रमाणीकरणको लागि पठाउँदा उक्त परिषदको पत्राँक सत्यापन ३०।७७। २००६-२००७। ३४ दिनाङ्क १५।४।२००६ को पत्र साथ प्राप्त विवरणमा सि.नं. ४ मा परीक्षार्थीको नाम गोपालप्रसाद चौधरी पिताको नाम लीलाराम, जन्म मिति ०४।०६।६५ परीक्षा हाइस्कूल वर्ष १९८२ अनु. ९३४१८० योग २७१ श्रेणी द्वितीय विद्यालय केन्द्रको नाम शिवपति इन्टरकलेज सोहरथगढ वस्ती उल्लेख भई मा.शि.प.का. आख्यान महलमा हाइस्कूल १९८२ अनु. ९३४१८० मे छात्र रुपनारायण S/O भुगलानदीन परीक्षा मे सम्मिलित है न कि गोपालप्रसाद चौधरी भनी लेखी आएको पत्र उच्च माध्यमिक शिक्षा परिषद् भक्तपुरको च.नं. १३३५ मिति २०६३।१।५ को पत्रसाथ प्राप्त प्रतिलिपिबाट निज गोपालप्रसाद चौधरीले शुरु नियुक्तिको लागि पेश गरेको माध्यमिक परीक्षा उत्तीर्ण शैक्षिक योग्यताको प्रमाणपत्र सत्य वास्तविक देखिन नआउने ।

इजलास अधिकृत : ध्रुवराज त्रिपाठी

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल कात्तिक २० गते रोज ६ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन् :

- २०६५ सालको फौ.पु.नं. CR-०३९३, भ्रष्टाचार, *गंगादेवी पौडेल (घिमिरे) वि. नेपाल सरकार*
- २०६१ सालको फौ.पु.नं. ३२४०, भ्रष्टाचार, *कमला भण्डारी (घिमिरे) वि. नेपाल सरकार*

२.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६० सालको दे.पु.नं. ८०९८, अंशदर्ता, *सुखरीदेवी थरुनी वि. बौहरीदेवी चौधरी*

प्रतिवादी बौहरीदेवीको प्रतिउत्तर लेखबाट समेत वादी वेगल बस्न थालेको भन्ने पुष्टि भएको र वादी अंशियार नाताको व्यक्तिबाहेक अन्य हो भन्ने पनि प्रतिवादीले खुलाउन सकेको पाइँदैन । वादीले सुखरीदेवी चौधरी नाम उल्लेख गरी २०४६ सालमा जिल्ला प्रशासन कार्यालयबाट नागरिकता लिएको भनी जवाफ प्राप्त भएको अवस्था पनि

देखिन्छ । सर्जमिनका अधिकांश मानिसले वादी प्रतिवादीको बुहारी नाताकी भएको भनी लेखाई दिएको अवस्था समेतबाट मूलपुर्खा कुसुमलाल निजको श्रीमती बौहरीदेवी तथा निजहरूको एकमात्र छोरा किसन चौधरीको श्रीमती वादी सुखरीदेवी भएको भन्ने कुरा उल्लिखित प्रमाणहरूबाट पुष्टि भएको देखिन आयो । यसरी कुसुमलाल चौधरीका सन्तान हाल जीवित अंशियारमा वादी प्रतिवादी मात्र रहेको भन्ने देखिएको र वादीले अंश पाइसकेको भन्ने नदेखिई वादी दावीबमोजिम २ भागको १ भाग वादीले अंश पाउने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल भदौ २८ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६० सालको दे.पु.नं. ८०९९, बकसपत्र लिखत दर्ता बदर दर्ता, *सुखरीदेवी थरुनी वि. बौहरीदेवी चौधरी समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

३.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६० सालको दे.पु.नं. ९३८२, निषेधाज्ञा परमादेश, *परमेश्वरलाल अग्रवाल समेत वि. कर कार्यालय बारा समेत*

औद्योगिक व्यवसाय ऐन, २०४९ को तत्कालीन दफा १५(ण) ले कर छुट दिएको अवस्था समेतलाई विचार गरी कानूनबमोजिम उपयुक्त किसिमले निर्णय गरेर मात्र कर दाखेला सम्बन्धमा पत्राचार गर्नु भनी निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्नेमा सो नगरी निवेदन खारेज गर्ने गरेको पुनरावेदन अदालत को निर्णय मिलेको नदेखिँदा उल्टी भई उपरोक्तबमोजिम गर्नु भनी विपक्षी तत्कालीन कर कार्यालय हाल आन्तरिक राजश्व कार्यालय बाराको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल भदौ २८ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको २०६० सालको दे.पु.नं. ९३८३, निषेधाज्ञा परमादेश, *अशोककुमार चाचान समेत वि. कर कार्यालय बारा समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

४.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६२ सालको दे.पु.नं. ८२०२, फैसला बदर, *राजेन्द्र श्रेष्ठ वि. गुठी संस्थान केन्द्रीय कार्यालय काठमाडौँ समेत*

जग्गाको स्वामित्वको दावी गर्नेले सो जग्गा आफ्नो हुनुपर्ने भन्ने प्रमाण समेत दाखेला गर्न सक्नुपर्दछ । तर प्रस्तुत विवादमा साविक कि.नं. ३९ को जग्गा वादीको हकको हो भन्ने कुनै प्रमाणबाट देखिन आउँदैन । यस अघि चलेका मुद्दाहरूबाट समेत विवादित जग्गामा वादीको हक कायम हुन सकेको देखिँदैन । यी वादीका बाबु पदममानले दायर गरेको मुद्दाबाटै हक नदेखिइरहेको अवस्थामा हाल आएर पुनः निजकै छोरा यी वादीलाई प्रस्तुत मुद्दाको फिराद दिने अ.व. ८२ नं. बमोजिम हकदैया रहेको भन्ने देखिन नआउने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल कात्तिक १० गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन् :

- २०६२ सालको दे.पु.नं. ८२०३, रैतानी निर्णय बदर, *राजेन्द्र श्रेष्ठ वि. गुठी संस्थान केन्द्रीय कार्यालय काठमाडौँ समेत*
- २०६२ सालको दे.पु.नं. ८२०४, लिखत दर्ता बदर, *राजेन्द्र श्रेष्ठ वि. गुठी संस्थान केन्द्रीय कार्यालय काठमाडौँ समेत*
- २०६२ सालको दे.पु.नं. ८२०१, नामसारी दर्ता बदर, *राजेन्द्र श्रेष्ठ वि. भैरवमान श्रेष्ठ*

**५.**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६१ सालको फौ.पु.नं. ३१६२,

जालसाज, *बममाया लिम्बू वि. नुनिहाङ्ग वान्तवा राई*

वादीले २०४१।८।६ र २०५२।१।१९ को दुवै लिखत कीर्ते जालसाज घोषित गरिपाऊँ भनी पछिल्लो अर्थात् २०५२।१।१९ को लिखतबमोजिम कीर्ते कागजको महलको १८ नं. को हदम्याद कायम गरी फिराद दिएको देखिए पनि पहिलो २०४१।८।६ को लिखतबाट नै वादीको हक टुटिसकेको भन्ने देखिन्छ । पहिलो लिखत भएको मितिले कीर्ते कागजको १८ नं. को हदम्यादभित्र फिराद दायर गर्नुपर्नेमा सो नगरी दोस्रो लिखतको सहारा लिई हदम्याद कायम गरेकोलाई प्रतिपादित सिद्धान्त समेतको आधारमा तत्काल प्रचलित कीर्ते कागजको १८ नं. को म्यादभित्र फिराद दायर भएको भनी मान्न नमिल्ने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल भदौ २९ गते रोज २ शुभम् ।

६.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३ सालको दे.पु.नं. ०५४०, जग्गा खिचोला मेटाई हक कायम चलन समेत, *चन्द्रकुमारी मैनाली वि. मोहनदेवी श्रेष्ठ समेत*

२०४९ सालको सर्भे नापीमा कि.नं. ४४ को जग्गामा कम्पाउण्ड रहेको देखिन्छ भने २०५५।९।१७ मा अदालतबाट भएको नक्सा मुचुल्कामा समेत साविकदेखि नै प्रतिवादीले उक्त जग्गामा कम्पाउण्ड लगाई बसोबास गरेको भन्ने देखिन आयो । जसबाट प्रतिवादीले साविकदेखि नै कि.नं. ४४ समेतका जग्गामा घरहरू बनाई पर्खाल लगाई रुखहरू समेत रोपी भोगी आएको भन्ने पुष्टि भएको देखिने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल भदौ २९ गते रोज २ शुभम् ।

७.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको रिट नं. २०६४-WO-०८८१, उत्प्रेषण परमादेश, *अधिवक्ता कुमार इङ्नाम वि. लुम्बिनी बैंक लि. कर्पोरेट कार्यालय समेत*

निवेदकले आफूले पाउनु पर्ने शेयरबाट वञ्चित गरेको वा अन्य कुनै पनि शेयरधनी वञ्चित छ भनी देखाउन नसकेको, कम्पनी ऐन, २०६३ को दफा ५६(११) ले बाँकी शेयर कम्पनीको सञ्चालक समितिले उचित तवरले व्यवस्थापन गरी वितरण गर्न सक्ने देखिएको, सोही ऐनको दफा १७८ ले निवेदकलाई वैकल्पिक उपचारको व्यवस्था गरेको र निवेदकले सो वैकल्पिक उपचारको बाटो अवलम्वन नगरेको समेतका आधार एवं कारणबाट निवेदन मागबमोजिम उत्प्रेषण परमादेशको आदेश हुने अवस्था नदेखिने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल असार ३० गते रोज ३ शुभम् ।

८.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ८०५५, मिलापत्र बदर, *ईश्वरी थापा वि. बद्री खंग खत्वे*

दुलारीदेवीको छोरा वादी बद्री खंगे खत्वे भएको भन्ने विवादरहित अवस्था देखिँदा देखिँदै सो कुरा उल्लेख नगरी तथा साविक मोही सेवीखंग खत्वेको मोहीयानी हक निजका दुई पत्नीहरू दुलारीदेवी र पूर्णीदेवीको नाममा भूमिसुधार कार्यालय सप्तरीको मिति २०४८।५।२० को निर्णयानुसार कायम भएको अवस्था समेतलाई लोप गरी सेवीखंग खत्वेको मोहीयानी हक नाम दर्ताको दावीको जग्गाको एकमात्र मोही पूर्णीदेवीलाई मात्र कायम गर्ने गरी भएको भूमिसुधार कार्यालय सप्तरीको मिति २०५५।११।२४ को मिलापत्र जालसाजपूर्ण तवरबाट भएको तथा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) समेतको कानूनी व्यवस्थाको त्रुटि गरी भएको स्पष्ट देखिने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल असार २८ गते रोज १ शुभम् ।

९.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती**, २०५९ सालको रिट नं. ३१६६, उत्प्रेषण, *रेयाजुदिन वि. कमरुनिसा बिनी समेत*

पुनरावेदन अदालत पाटनमा विचाराधीन रहेको फैसला बदर मुद्दाको पुनरावेदक वादी प्रस्तुत रिट निवेदक फैसला बदर मुद्दाको सरोकारवाला रहेको हुँदा र निजकै निवेदनबाट उक्त विवादास्पद जग्गा मुद्दामा अन्तिम फैसला नभएसम्मलाई रोक्का रहेको तथ्य निर्विवाद रहेको देखिँदा निजलाई म्याद पठाई आफ्नो जिकीर प्रस्तुत गर्ने अवसर प्रदान गरी रोक्का फुकुवा गर्नुपर्ने अवस्थाको देखिएमा सोअनुरूप आदेश गर्नुपर्नेमा सो नगरी आफ्नो व्यहोरा उल्लेख गर्ने अवसर समेतबाट वञ्चित गरी काठमाडौं जिल्ला अदालतको मिति २०५८।११।२९ मा रोक्का फुकुवा गर्ने आदेश स्वच्छ सुनुवाईको सिद्धान्त प्रतिकूल देखिने ।

इजलास अधिकृत : ध्रुवराज त्रिपाठी

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल भदौ २३ गते रोज ३ शुभम् ।

## इजलास नं. ३

१.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी**, २०६३ सालको रिट नं. ३५९५, उत्प्रेषण समेत, *दिलीपकुमार श्रेष्ठ वि. श्रम तथा यातायात व्यवस्था मन्त्रालय काठमाडौं समेत*

कुनै अधिकारी वा सरकारी निकायले आफूलाई कानूनले दिएको अधिकारको दुरुपयोग वा गलत व्याख्या गरी संविधानप्रदत्त नागरिकका मौलिक हक वा अन्तर्राष्ट्रिय सन्धिअनुरूपका मानव अधिकारको हनन् भएको अवस्थामा सोको उपचारको अन्य प्रभावकारी व्यवस्था नभएको अवस्थामा सोको उपचारको लागि सर्वोच्च अदालतले आफूमा रहेको असाधारण अधिकारको प्रयोग गर्ने हो । प्रस्तुत रिटमा त्यस्तो मौलिक हक वा मानव अधिकारको हनन् भएको नभए निवेदकले आफूले कानूनअनुरूप पूरा गर्नुपर्ने शर्त पूरा नगरेको अवस्थामा कानूनद्वारा अधिकारप्राप्त अधिकारीले आफूलाई प्राप्त अधिकारको प्रयोग गरी गरेको कानूनी कारवाहीमा रिट क्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल असोज २६ गते रोज २ शुभम् ।

२.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय**, २०६२ सालको रिट नं. २५१५, उत्प्रेषणयुक्त परमादेश, *तोपबहादुर भण्डारी वि. मालपोत कार्यालय चावहिल समेत*

विवादित जग्गा हदबन्दीमा भूमिसुधार कार्यालय काठमाडौंको पत्रानुसार रोक्का भएको भन्ने देखिएन । उक्त जग्गा काठमाडौं जिल्ला अदालतको आदेशअनुसार रोक्का राखिएको भन्ने देखियो । तर, काठमाडौं जिल्ला अदालतलाई निवेदनमा विपक्षी बनाएको देखिएन । जुन निकायबाट जग्गा रोक्का भएको हो सो निकायलाई विपक्षी नबनाई रिट निवेदन दिएको देखियो यस स्थितिमा जग्गा रोक्का राख्ने निकायलाई बुझ्दै नबुझी सो रोक्का रीत वेरीत के हो भनी प्रमाण बुझी सो निकायका नाममा कुनै आदेश जारी गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल भदौ ५ गते रोज ६ शुभम् ।

३.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय**, २०६२ सालको रिट नं. ३०५९, उत्प्रेषण मिश्रित परमादेश, *राजकिशोर प्रसाद साह वि. लोकसेवा आयोग के.का. समेत*

जम्मा सीट संख्या २० रहेका स्थितिमा १ जनालाई अनिवार्यतः बाहेक गर्नुपर्ने अवस्था उत्पन्न हुन आउँछ । सो प्रयोजनकोलागि निवेदकले २० औं नम्बरमा रहेका जीवन गुरागाईलाई दावी नगरेको हुँदा सोतर्फ बोल्न मिल्ने स्थिति नहुँदा

स्पष्ट मागदावी नलिई अपूरो अवस्थाको मागदावीबाट विपक्ष नबनाएका अरु पक्षलाई समेत असर पर्ने गरी निर्णय गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : राजेन्द्रकुमार आचार्य

इति संवत् २०६६ साल असार १७ गते रोज ४ शुभम् ।

४.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६२ सालको रिट नं. ३८६३, उत्प्रेषणयुक्त प्रतिषेध, *गृहेन्द्रराज पाण्डे वि. टंकराज पाण्डे समेत*

फैसलाले आधा लिखत र दर्ता बदर भएपछि विवादित जग्गा यथास्थितिमा अर्थात यी निवेदक र विपक्षी चोलराज पाण्डे र टंकराज पाण्डेको आमा हेमकुमारी पाण्डेको नाउँमा रहन जाने भएकोले निजको शेषपछि कानूनबमोजिम हुने नै हुँदा रुपन्देही जिल्ला अदालतका तहसिलदारबाट मिति २०६१।५।९।४ मा भएको आदेश मिलेकै देखियो । सो आदेशउपर दण्ड सजाय ६१ नं. को उजूरी सुनी रुपन्देही जिल्ला अदालतका जिल्ला न्यायाधीशबाट तहसिलदारले गरेको आदेश बदर गर्ने गरी भएको आदेश र सोउपर अ.वं. १७ नं. को निवेदनमा पुनरावेदन अदालत बुटवलबाट मिति २०६१।८।१७ र मिति २०६२।३।१० मा भएको आदेश समेत त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल भदौ ५ गते रोज ६ शुभम् ।

**५.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री रणबहादुर बम,** २०६३ सालको रिट नं. ३५५१, उत्प्रेषण परमादेश, *पदमसिँह रावल समेत वि. जिल्ला वन कार्यालय कैलाली समेत*

वन कार्यालयबाट प्राप्त लिखित जवाफमा पनि दोहोरो कर नउठाइएको भन्ने उल्लेख भएको र वन कार्यालयबाट आ.व. २०६२।०६३ का लागि नियुक्त भएको विपक्षी ठेकेदार न्यू कञ्चन सप्लायर्सको ठेक्काको अवधि समाप्त भैसकेको देखिन्छ । तसर्थ विपक्षी ठेकेदार न्यू कञ्चन सप्लायर्सको सम्झौता अवधि नै समाप्त भइसकेको देखिँदा प्रस्तुत निवेदन निरर्थक भएकोले रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल साउन ३२ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको २०६४ सालको रिट नं. ०६४-WO-००७८, उत्प्रेषण परमादेश, *पदम गुरुङ वि. जिल्ला वन कार्यालय मोरङ समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

६.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६३ सालको दे.पु.नं. २०६३-CI-०१५८, क्षतिपूर्ति, *डा.दिनेशविक्रम शाह वि. भोजराज ऐर,* २०६२ सालको दे.पु.नं. ०१९३, क्षतिपूर्ति, *दिलम्बर श्रेष्ठ वि. भोजराज ऐर*

Tegrital ले नै शरीर कालो हुने आँखाको देख्ने शक्ति कम हुने र छालामा फोका खटिरा आउने भन्ने औषधि व्यवस्था विभागको औषधि विशेषज्ञलगायत बुझिएका अन्य डाक्टरहरूबाट समेत प्रमाणित भएको हुँदा डा.दिनेशविक्रम शाहले Prescribe गरेको Tegrital औषधिको सेवनको कारणबाट नै निवेदिकालाई असर गरेको देखिने ।

विपक्षी डा.दिनेशविक्रम शाहले व्यक्तिगत हिसाबले मात्र नभई ब्लू क्रस क्लिनिक समेतको हैसियतमा उपचार गरे भएको भन्ने निवेदिकाको Prescription बाट देखिन्छ । यस्तो अवस्थामा विपक्षी ब्लु क्रस नर्सिङ्ग होमले पनि सृर्जित परिणामबाट उन्मुक्ति पाउने देखिँदैन । जसरी सरकारी अस्पतालमा कार्यरत् डाक्टरको लापरवाहीका कारण विरामीलाई क्षति पुगेमा त्यस्तो अस्पताल Tort मा Liable हुन्छ त्यस्तै गरी निजी रुपमा सञ्चालित नर्सिङ्ग होम पनि Liable हुने हुँदा भराई दिने उक्त रू. ६,१७,११९।९४ क्षतिपूर्ति रकम आधा-आधा रुपमा भराई दिनुपर्ने ।

डाक्टर र बिरामीबीचको सम्बन्ध डाक्टरले बिरामीलाई उपचार गर्ने डाक्टरको योग्यता बिरामीको उपचार गर्दा डाक्टरले बिरामीलाई के कस्तो कति हदसम्म जानकारी दिन पर्ने के कस्तो अवस्थामा उपचार गर्दा डाक्टरले बिरामीको मञ्जूरी लिन पर्ने आदि बारेमा मुलुकी ऐन इलाज गर्नेको महलमा तत्कालीन अवस्थामा पनि केही कानून बनेको देखिन्छ । तर, आजको बदलिँदो र विकसित परिस्थितिमा इलाज गर्नेको महलमा भएको व्यवस्था पर्याप्त मान्न नसकिने ।

इजलास अधिकृत : नारायण रेग्मी

इति संवत् २०६६ साल कात्तिक २९ गते रोज १ शुभम् ।

७.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको रिट नं. ०६४-WO-०२२४, उत्प्रेषण समेत, *निर्मल शाह वि. वृहत्तर जनकपुर क्षेत्र विकास परिषद् जनकपुरधाम धनुषा समेत*

परिषद्को लेखा शाखामा २०६१।५।१५ मा आगजनी हुँदा लेखा शाखाका दराजहरू नजलेको दराजहरू नतोडिएको र आफू जिम्मा नभएको उक्त कोठाको चावी विदाको दिन समेत निवेदकले खोली निजका पिता शम्भुनाथ समेतउपर भैरहेको छानवीनका लागि आवश्यक पर्ने कागजातहरू झिकी जलाई नष्ट गरेको भन्ने कुरालाई नै रिट निवेदकलाई नोकरीबाट हटाउँदा आधार बनाएको भन्ने देखिन्छ । बृहत्तर जनकपुर विकास परिषद् नियमावली, २०५८ को नियम ८.२ मा भविष्यमा परिषद्को सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिने प्रावधानलाई समावेश गरेको र नियम ८.४ मा त्यसरी सेवाबाट हटाउन सकिने विभिन्न आधारहरू उल्लेख गरेको पाइन्छ । रिट निवेदकलाई सोही नियमावलीको नियम ८.२ (घ) बमोजिम नियम ८.४(१) को खण्ड (ग) र (च) को कसूर गरेको भन्ने आधारमा नोकरीबाट हटाउने निर्णय गरेको देखिएको हुँदा त्यस्तो निर्णयलाई वद्नियतपूर्ण पूर्वाग्रही वा कानूनप्रतिकूलको भन्न नसकिने ।

इजलास अधिकृत : नारायण रेग्मी

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल मंसिर १ गते रोज २ शुभम् ।

८.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६६ सालको रिट नं. WH-०००४, बन्दीप्रत्यक्षीकरण, *सुजितकुमार भुजेल वि. जिल्ला प्रशासन कार्यालय कारागार शाखा पर्सा बीरगंज समेत*

थुनिनु पर्ने व्यक्ति निवेदक होइन, अरु नै व्यक्ति हो भनी Mistaken Identity को प्रश्न उठाएको हुनाले उनाउ व्यक्तिले उठाएको Hearsay भनाईको पछाडि अदालत कतिहदसम्म जाने भन्ने प्रश्न देखिन्छ । निवेदक उनाउ व्यक्ति भएकोले निवेदक स्वयं अस्पष्ट देखिन्छ । के कति कारणले अभियोग लागेको द्वारिका सहनी एउटा व्यक्ति हो तर थुनामा परेको द्वारिका सहनी अर्को व्यक्ति हो भन्ने सम्म पनि निवेदनबाट देखिँदैन । चलेको मुद्दामा हाल थुनामा रहेको व्यक्तिले अभियोग लागेको व्यक्ति आफू होइन भनी प्रमाण पेश गर्न सक्ने नै हुँदा थुनामा रहेको व्यक्तिको Identity को प्रश्न उठेको मुद्दामा हकमा भनी अरुले दिएको निवेदनबाट थुनामा रहेको व्यक्तिको Identity जाँच सम्भव नहुने हुँदा रिट जारी गर्न नमिल्ने ।

इजालस अधिकृत : हरिहर पौडेल

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल भदौ २३ गते रोज ३ शुभम् ।

९.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको फौ.पु.नं. ०६५-RC-०३६८, जवर्जस्ती करणी उद्योग, *लालबाबुप्रसाद साह वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा पीडित र जाहेरवालको स्वयं आफ्नै सामाजिक जीवनमा कठिनता वा भविष्यलाई समेत नकारात्मक असर पर्ने गरी प्रतिवादीलाई फसाउन पर्ने कुनै कारण देखिँदैन । यस्तो अवस्थामा पीडितले अदालतमा समेत आई

आफूउपर प्रतिवादीले करणी गरेको भनेको हुँदा पीडितले न्यायमूर्तिसमक्ष बकेको किटानी बकपत्र र त्यसमा विश्वास गरी अदालतले प्रमाण ऐन, २०३१ को दफा १० अनुसार र आफूले पनि प्रश्न सोध्न सक्ने अधिकारसमेत प्रयोग गरेको अवस्थामा पीडितको बकपत्रलाई प्रमाण होइन भनी यस अदालतले भन्न नसक्ने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल मंसिर २४ गते रोज ४ शुभम् ।

१०.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. ०६४-CI-०००७, जग्गा दर्ता, *अमेश्वरानन्द बैद्य समेत वि. विद्यानन्द बैद्य समेत*

मालपोत ऐन, २०३४ को दफा ७(२) ले जग्गा (नाप जाँच) ऐन, २०१९ बमोजिम नक्सा भएको दर्ता गर्नसम्म छुट भएको साविक स्रेस्ता तिरो र भोगका आधारमा तोकिएको समितिको सिफारिशमा मालपोत कार्यालयले दर्ता गर्नसक्ने अधिकार प्राप्त गरेको भए पनि दवै पक्षबीच हकवेहकमा प्रश्न उपस्थित भै हाल साविकमा र स्रोतमा विवाद उत्पन्न भएको अवस्थामा सबूद प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्ने अधिकार कानूनतः मालपोत कार्यालयलाई प्राप्त भएको नदेखिने ।

इजलास अधिकृत : नारायण रेग्मी

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल कात्तिक ८ गते रोज १ शुभम् ।

११.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. ०६४-CI-०३१५, जग्गा दर्ता, *अमेश्वरानन्द बैद्य समेत वि. विद्यानन्द वैद्य समेत*

शुरुदेखि नै कि.नं २३२, ५९ र ६० को जग्गामा विवाद उत्पन्न भएको संलग्न सम्पूर्ण लिखतहरूबाट प्रमाणित भैरहेको अवस्थामा पुनरावेदन अदालतले फैसलामा टाइपको भूलले कि.नं. २३२ समावेश गर्न छुट भएको भन्ने आधारमा पूर्व उल्लिखित कानूनी व्यवस्थाका आधारमा संशोधन गरिदिने भनी गरेको कार्यबाट अघि भएको फैसलामा तात्विक भिन्नता पर्न गएको वा सो कार्यबाट यी पुनरावेदकहरूले क्षति व्यहोर्नु परेको भन्ने नदेखिँदा पुनरावेदन अदालतबाट भएको मिति २०६४।३।५ को संशोधन आदेशलाई अन्यथा मान्न नमिल्ने ।

इजलास अधिकृत : नारायण रेग्मी

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल कात्तिक ८ गते रोज १ शुभम् ।

१२.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको दे.पु.नं. ०४१४, निषेधाज्ञा, *भरतरत्न तुलाधर वि. लिलानाथ रेग्मी समेत*

वडा प्रहरी कार्यालयले आफ्नो जवाफमा दुवै पक्षलाई झिकाई छलफल गराउँदा आपसी लेनदेनको विषय भई यस कार्यालयको कार्यक्षेत्रभित्र नपर्ने भनी उल्लेख गरेको पाइयो । यसबाट के देखिन्छ भने वडा प्रहरीले कागज नगराएको र सो कारोवारसम्बन्धी कार्य आफ्नो कार्यक्षेत्रभित्र नपर्ने भनी स्पष्ट पारेको अवस्थामा सरकारको एउटा निकायको आधिकारिक यस्तो जवाफ भएको र त्यसलाई अविश्वास गर्नुपर्ने कारणसमेत देखिँदैन । लेनदेनको सम्बन्धमा कुनै अनधिकृत निकायले कसैलाई कानूनविपरीत कागज गराएको भन्ने निर्विवादरुपले प्रमाणित गर्नसकेको खण्डमा त्यस्तो कागजले मान्यता नपाउने ।

इजलास अधिकृत : कृपासुर कार्की

कम्प्युटर : मो.अखतर अली

इति संवत् २०६६ साल बैशाख १० गते रोज ५ शुभम् ।

१३.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको फौ.पु.नं. ३३८०, विक्रीकर आ.व. २०५१।५२, *ताराचन्द्र शर्मा वि. विक्री कर तथा अन्तःशुल्क कार्यालय नेपालगञ्ज बाँके*

उद्योग विभाग, सुविधा शाखाको च.नं. ५६२५ को पत्रानुसार फलामे छड डन्डी जसमा

एम.एम.विलेट कच्चा पदार्थको रुपमा प्रयोग हुन्छ सोको दस्तूरमा ४ प्रतिशत जर्ती दिइँदै आएकोमा सोही Norms लागू गर्न भनी लेखिएको देखिन्छ । सोही पत्रको आधारमा तत्कालीन विक्री कर तथा अन्तःशुल्क कार्यालय (आन्तरिक राजश्व कार्यालय) बाट पुनरावेदकले उत्पादन गरेको छडमा ४प्रतिशत जर्ती कट्टा गरी कर निर्धारण गरेको देखिन्छ । उक्त विक्री कर तथा अन्तःशुल्क विभाग र उद्योग विभाग सुविधा शाखाको पत्रहरू कहीँ कतैबाट बदर नभई कायमै रहेको अवस्थामा सोही पत्रलाइ आधार मानी कर निर्धारण गरिएको आन्तरिक राजश्व कार्यालयको निर्णयलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल असोज २७ गते रोज ३ शुभम् ।

१४.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको दे.पु.नं. ०४१५, परमादेश, *काशेन्द्रप्रसाद यादव वि. सुमन अग्रवाल*

प्राधिकरणले विद्युत आपूर्ति मागका आधारमा गर्दछ । प्राधिकरणले लिने महसूल कानूनले Sanction प्राप्त दर हो । गल्तीले बढी शक्तिको विद्युत जडान गरे पनि उपभोक्ताले विद्युत Consume गरेको अनुपातमा मीटरले देखाएअनुरूपको शुल्क लिने प्राधिकरणको अधिकार हो । विद्युत Consume गर्ने तर शुल्क नतिर्ने छुट नहुने ।

इजलास अधिकृत : कृपासुर कार्की

कम्प्युटर : मो.अखतर अली

इति संवत् २०६६ साल बैशाख १० गते रोज ५ शुभम् ।

१५.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नि.नं. ०७४६, परमादेशयुक्त निषेधाज्ञा, *वृखबहादुर थापा वि. श्री अमरावती बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड काठमाडौं*

निवेदन मागबमोजिमको मिति २०६१।२।१९ मा निवेदकका जग्गाहरू लिलाम भए नभएको सम्बन्धमा केही पनि उल्लेख भएको पाइएन । निवेदनमा मिति २०६१।२।१९ मा लिलाम हुने भन्ने व्यहोराको उल्लेखन भएको देखिन्छ । निवेदनमा उल्लेख भएका जग्गाहरू निवेदनमै उल्लिखित सूचनाबमोजिम लिलामी हुने मिति र अवधि नै व्यतीत भइसकेको अवस्था देखिएकाले निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : कृपासुर कार्की

कम्प्युटर : मो.अखतर अली

इति संवत् २०६६ साल बैशाख १० गते रोज ५ शुभम् ।

१६.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको दे.पु.नं. ७४०, निषेधाज्ञा, *निजानन्द मल्ल वि. इन्द्रलाल श्रेष्ठ समेत*

मिति २०६३।१।१९ को नक्साअनुसार निवेदकले उल्लेख गरेको निजको जग्गामा पीचसमेतको निर्माण कार्यको आशंका नभई काम नै भैसकेको भन्ने देखिएबाट र सोही व्यहोरालाई पुष्टि हुने गरी यसै विषयसँग सम्बन्धित भई यिनै निवेदकबाट खिचोलासम्बन्धी मुद्दा दायर भएको तथ्यबाट पनि निवेदकले भनेको जग्गामा काम गर्ने आशंका होइन काम नै भइसकेको देखिन आयो । यसरी काम नै सम्पन्न भइसकेपछि निषेधाज्ञाको आदेशको औचित्य नदेखिने ।

इजलास अधिकृत : कृपासुर कार्की

इति संवत् २०६६ साल बैशाख १० गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको २०६३ सालको फौ.पु.नं. ४७१, अपहेलना, *निजानन्द मल्ल वि. भरतपुर नगरपालिका कार्यालय समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१७.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. २४७३, उत्प्रेषण परमादेश, *खम्बजंग मगर वि. वन तथा भूसंरक्षण मन्त्रालय समेत*

वन ऐन, २०४९ को दफा ३८ द्वारा निजी वनका जग्गाधनीलाई प्रदान गरेको हकको उपभोग गर्न पाउने अवसरबाट वञ्चित हुनुपर्ने वास्तविकतालाई विचार गरी वन ऐन, २०४९ को प्रस्तावना, दफा ७०(क) र दफा ३८ मा भएका व्यवस्थाहरूलाई सामञ्जस्यतामा राखी १ वर्षभित्र वन पैदावारको विकास संरक्षण, उपभोग, व्यवस्थापन, मूल्य निर्धारण तथा बिक्री वितरणका सम्बन्धमा कार्ययोजना बनाई लागू गर्न वन तथा भू-संरक्षण मन्त्रालयमा नाममा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृत : नारायण रेग्मी

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल कात्तिक २९ गते रोज १ शुभम् ।

१८.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं.WO-०८९६, उत्प्रेषण समेत, *हरिनाथ प्रसाद वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

विधायिकाले अपराधको गाम्भिर्यताअनुसार कैद र जरीवाना दुबै वा कैद र जरीवानामध्ये कुनै एकमात्र सजाय हुनसक्ने व्यवस्था गरी न्यायाधीशलाई स्वविवेकीय अधिकार दिन सक्छ । ऐनको दफा ३४ मा भएको जरीवाना मात्र गर्न सक्ने व्यवस्था यही सिद्धान्तमा आधारित व्यवस्था हो । प्रस्तुत निवेदनमा निवेदकलाई जरीवाना मात्र सजाय भएको भन्ने प्रश्न होइन । प्रश्न निवेदक प्रहरी विशेष अदालतबाट सफाई पाएको हो भने निवेदकले पुनर्वहाली हुने हक प्राप्त गर्दछ । होइन निवेदक दोषी ठहरी सजाय भएको हो भने निवेदकले पुनर्वहाली हुने हक प्राप्त गर्दैन । निवेदक विरुद्ध प्रहरी विशेष अदालतबाट दोषी ठहरेकोले निवेदक पुनर्वहाली हुन नसक्ने ।

इजलास अधिकृत : हरिहर पौडेल

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल असार १ गते रोज २ शुभम् ।

१९.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको रिट नं. ३२३२, उत्प्रेषण परमादेश, *कविन्द्रबहादुर विष्ट वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिमेत*

निवेदकलाई नोकरीबाट हटाउने (Job Loss) कार्य गरेको नभै आफ्नो पदाधिकार रहेको कार्यालयमा हाजिर हुन जान भनेको कार्यबाट रिट निवेदकको संवैधानिक वा कानूनी हकमा आघात परेको भन्न सकिने अवस्था समेत हुँदैन । नेशनल कन्ट्रक्सन कम्पनी नेपालको सेवा शर्त नियमावली, २०३९ को दफा ८.१२ हेरिएमा उक्त कम्पनीका सञ्चालक र महाप्रवन्धकमा नेपाल सरकारले नियुक्ति गर्ने व्यवस्था समावेश गरेको देखिन आउँछ । तर महाप्रबन्धकको पदावधि सम्बन्धमा कुनै किटानी व्यवस्था भइरहेको नदेखिएको अवस्थामा नेपाल सरकारले दुई वर्षका लागि भनी नियुक्ति दिए पनि नियुक्ति दिने निकायबाटै निजलाई आफ्नै पदाधिकार रहेको कार्यालयमा फिर्ता जान भनेको कार्यले निवेदकको हक हनन् भएको भन्न नसकिने ।

इजलास अधिकत : नारायण रेग्मी

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल कात्तिक २९ गते रोज १ शुभम् ।

## इजलास नं.४

१.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री रणबहादुर बम,** २०६४ सालको फौ.पु.नं. ०६१७, कर्तव्यज्यान, *प्रसिद्ध गुरुङ वि. नेपाल सरकार,* २०६५ सालको फौ.पु.नं. ०७५७, ०८१०, *नेपाल सरकार वि. राजा रञ्जित, बालकृष्ण थापा मगर वि. नेपाल सरकार,* २०६४ सालको साधक नं. ००७३, *नेपाल सरकार वि. प्रसिद्ध गुरुङ*

प्रतिवादी बालकृष्ण थापाले एकपटक मृतक पक्षसँग भेट भई कुटपीट गर्ने जस्तो गरी आएकोले घरमा गै छुरी ल्याएको भनी आफ्नो बयानमा उल्लेख गरेको देखिन्छ । अदालतमा

वयान गर्दा घरमा आई छुरी नै बोकेर गएको भनी उल्लेख गरेबाट मृतकलाई मार्ने मनसाय नभए नरहेको देखिँदैन । यी प्रतिवादीकै उपर्युक्त भनाईबाट झगडाको कारण तत्काल उठेको रीस थाम्न नसकी प्रहार गरेको वा आत्मरक्षाको लागि मृतकलाई छुरा प्रहार गरेको पुष्टि हुन आउँदैन । दोहोऱ्याएर छुरी बोकेर गएको प्रतिवादीको सावितीबाट निजको मनसाय कलुषित रहेको प्रष्ट हुने ।

प्रतिवादी प्रसिद्ध गुरुङले वारदातस्थलबाट भाग्न लागेका मृतकलाई पछि समातिदिएको भन्ने देखिएको र निजले समातिदिएकै कारणबाटै बालकृष्ण थापाले छुरी हानी मृतकको मृत्यु भएको अवस्था देखिएबाट निज प्रसिद्ध गुरुङको प्रत्यक्ष संलग्नता थिएन भन्न नमिल्ने ।

प्रतिवादी बालकृष्ण थापा मगरले वयान गर्दा आफ्नै घरबाट छुरी लिएर गएको र यी प्रतिवादी राजा रञ्जितबाट छुरी लिएको नभई आफूले घरबाट लगेको आफ्नै छुरीको प्रहारबाट मृतकको मृत्यु भएको भनी अदालतमा सावित भएको समेतबाट निज राजा रञ्जितले प्रतिवादी बालकृष्ण थापालाई छुरी दिएको नभै बालकृष्णले आफ्नै छुरीको प्रयोग गरी मृतकको मृत्यु भएको पुष्टि भएको देखियो । यसबाट यी प्रतिवादीको घटनामा भएको संलग्नता शंकारहित तवरबाट पुष्टि हुनसकेको नदेखिने ।

इजलास अधिकृत : कृपासुर कार्की

इति संवत् २०६६ साल असार २४ गते रोज ४ शुभम् ।

२.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६० सालको दे.पु.नं.८४९९, लिखत बदर, *डम्मरकुमार लिम्बू वि. कमल राई*

लेनदेन व्यवहारको १० नं. को कानूनी व्यवस्थाअनुसार लिखत भएको १ वर्षसम्ममा थाहा पाएको ३५ दिनभित्र नालेश गरिसक्नु पर्ने हुन्छ । फिरादीले २०४१।३।१३ को लिखतका सम्बन्धमा २०४३।४।५ मा मात्र नालेश गरेको देखिन्छ । यसरी २०४१।३।१३ को लिखतको सम्बन्धमा २०४३।४।५ मा परेको फिराद लेनदेन व्यवहारको १० नं. को हदम्यादभित्रको देखिन आएन । हदम्याद नघाई नलाग्ने कानूनी व्यवस्थाहरूको सहारा लिँदै गरेको नालेसबाट इन्साफ गरी रहनुपर्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : राजेन्द्रकुमार आचार्य

कम्प्यूटर : नम्रता बास्तोला

इति संवत् २०६६ साल असार २१ गते रोज १ शुभम् ।

३.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६२ सालको दे.पु.नं. ८७५६, खिचोला मेटाई घर भत्काई सार्वजनिक हक हुने गरी चलन पाऊँ, *सुरेश राउत यादव समेत वि. अमिरीलाल साह कलवार*

विवादित कि.नं. २४६ र कि.नं. २४७ मा बनेको न.नं. २ र ३ मा देखिएको घरमध्ये न.नं. २ को हकमा दे.नं. १३२२ को मुद्दामा भएको निर्णयले नै सो न.नं. को जग्गा नहरको भनेको र नापी शाखाको पत्रको सोही कि.नं. २४६ को ०-०-५-६ जग्गा नहरकै भएको भनी उल्लेख गरेबाट न.नं. २ मा भएको निर्माण कार्यले नहरको सार्वजनिक जग्गामा अतिक्रमण गरेको देखिन आउँछ । यसरी कि.नं. २४६ को न.नं. २ को जग्गा सार्वजनिक कायम भएको देखिएपछि न.नं. २ र ३ मा बनेको घर समेतको न.नं. २ मा परेको घरको हिस्सा सार्वजनिक कायम भएको जग्गामा परेकोले भत्काई हटाउन पर्ने देखिन आउने ।

इजलास अधिकृत : कृपासुर कार्की

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६६ साल असार २१ गते रोज १ शुभम् ।

४.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६२ सालको दे.पु.नं. ९७६५, धर्मलोप नामसारी निर्णय तथा रैतानी दर्ता बदर समेत, *अष्टमाया बाँनिया वि. अनागरिका भिक्षुणी सुजाता समेत*

वि.स. २००८ सालको शिलापत्रबाट मन्दिरको निर्माण, निर्माण मूर्ति स्थापना गरी

उपासिका राम भन्ने नामाकरण गरी उद्घाटन भएको देखिएको, वि.सं. २०१० सालको छोडपत्रको लिखतबाट वेखारत्न तुलाधरले स्वयंभू घ्यङ गुठीमा दर्ता भएको किमडोल पाखावारी खायल १ र सोमा बनेको घर समेत धर्मचारीणी भिक्षुणी समेतलाई छोडपत्र गरिदिएको सोही जग्गा नापी हुँदा उल्लिखित कि.नं. ७३ मा दर्ता भएको अदालतबाट भएको नक्सा मुचुल्का समेतबाट उक्त घर जग्गामा भिक्षुणीहरूको भोग रहेको देखिएको वादीहरू धर्मचारिणी भिक्षुणीका चोलीहरू भन्नेमा विवाद नभएको भेषधारीको सम्पत्ति भेषधारीको मृत्युपछि चेलीहरूको हक हुने व्यवस्था भएको समेतका आधार प्रमाणबाट विवादित कि.नं. ७३ को जग्गा र सो जग्गामा रहेको मन्दिरमूर्ति घर समेतमा वादीहरूको हकभोग रहे भएकै देखिएको अवस्थामा प्रतिवादीका नाउँमा नामसारी हुने गरी गरिएको मिति २०४९।१२।२५ को नामसारी निर्णय र मिति २०५१।१।२० को रैतानी निर्णय बदर हुने र सो आधारमा प्रतिवादीको नाउँमा भएको निर्णय बदर भै उल्लिखित घर जग्गामा मन्दिर निर्माण मूर्ति उपासीका रामको नाउँमा दर्ता समेत हुने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६६ साल मंसिर २२ गते रोज २ शुभम् ।

५.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री सुशीला कार्की**, २०६४ सालको स.फौ.पु.नं. ०६९३, कर्तव्य ज्यान, *बिक्रम महर्जन वि. नेपाल सरकार*

प्रत्यक्षदर्शी मनोज महर्जन र जाहेरवाला चन्द्र अवाले समेतले अदालतको आदेशानुसार पुनरावेदक विक्रम महर्जन नै अभियोगपत्रमा उल्लिखित बिक्रम महर्जन हुन् भनी यकीन गर्न नसकेको र सहअभियुक्त लेकमान महर्जनले दुपाट बस्ने बिक्रम महर्जन वारदातमा संलग्न रहेको भनी किटानी रुपमा अनुसन्धान अधिकारीसमक्ष वयान गरेको तथा अभियोगपत्रमा उल्लिखित बिक्रम महर्जन यिनै पक्राउ गरी ल्याएका पुनरावेदक विक्रम महर्जन हुन् भन्ने पुष्टि हुने कुनै तथ्ययुक्त ठोस सबूद प्रमाण वादी पक्षले पेश दाखेल गर्न सकेको नदेखिएको अवस्थामा केवल जाहेरवालाको जाहेरीलाई मात्र आधार मानी ज्यान जस्तो गम्भीर प्रकृतिको फौजदारी अभियोगमा विनाआधार प्रमाण यी पुनरावेदकको मृतकलाई मार्नमा संलग्नता थियो भन्न सकिने अवस्था नहुने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६६ साल असोज २५ गते रोज १ शुभम् ।

## इजलास नं. ५

१.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय**, २०६२ सालको दे.पु.नं. ३३१२, आयकर, *शिवकुमार कटुवाल वि. पशुपति मेटल इण्डष्ट्रिज विराटनगर*

एकातर्फ आफूसँग भएको ठूलो रकम बिनाव्याज सापटी दिने अर्कोतर्फ सोही उद्योग सञ्चालानार्थ ठूलो रकम विभिन्न बैंकबाट ऋणस्वरुप लिई व्याजसमेत भुक्तानी गरिरहेको अवस्था देखिन्छ । बिना कारण फर्मको क्रियाशील पूँजी (Working Capital) मा नै प्रतिकूल असर पर्ने गरी रकम झिकी अर्कोतर्फ बैंकबाट कर्जा उठाई व्याज रकमसमेत भुक्तानी गरिएको स्थितिलाई कर प्रयोजनको लागि उचित मान्न नसकिने ।

इजलास अधिकृत : हेमबहादुर सेन

कम्प्युटर : अमिररत्न महर्जन

इति स्रवत् २०६६ साल भदौ २९ गते रोज २ शुभम् ।

२.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय**, २०६२ सालको स.फौ.पु.नं. ३४३३, सवारी ज्यान, *नेपाल सरकार वि. सन्तराम गोसाईं समेत*

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३ को उपदफा २ को व्यवस्थालाई हेर्दा सवारी दुर्घटनाबाट कुनै व्यक्तिको ज्यान मरेको भए सो मर्ने व्यक्तिको हकवालालाई

कृया खर्च, क्षतिपूर्ति र अंगभंग भएको भए सो हुने व्यक्तिलाई घा खर्चको रकम उपदफा १ बमोजिम प्रमुख जिल्ला अधिकारीले तत्कालै सवारी चालक, सवारीधनी वा व्यवस्थापकबाट भराई दिनुपर्छ भन्ने कानूनी व्यवस्था भएको अवस्थामा स्थानीय स्तरमा हुने सवारी जस्ता घटना दुर्घटनामा तत्काल घा खर्च क्षतिपूर्ति भराई दिन प्रमुख जिल्ला अधिकारीलाई ऐनले नै जिम्मेवारी तोकेको पाइने ।

इजलास अधिकृत : श्री हेमबहादुर सेन

कम्प्युटर : अमिररत्न महर्जन

इति स्रवत् २०६६ साल भदौ २९ गते रोज २ शुभम् ।

३.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको स.फौ.पु.नं. ३८२७, खोटा चलन, *नेपाल सरकार वि. राजेन्द्रप्रताप सेन*

प्रतिवादीहरूले आफैँ खोटा टक मारेको अवस्था पनि छैन । आफूले नै नोट छापेको अवस्था पनि छैन । साथै यी प्रतिवादीहरूले आफूसँग भएको सक्कली नोट दिई कसैको अनुरोधमा भारु साटेको अवस्था देखिन्छ । यस्तो अवस्थामा यी प्रतिवादीहरूले आफूसंग भएको नेपाली नोट समेत गुमाएको अवस्था छ । यदि प्रतिवादीहरूलाई उक्त नोटहरू नक्कली हुन् भन्ने कुरा मौकामा थाहा जानकारी भएको भए उक्त नोटहरूसँग आफूसँग भएको सक्कली नेपाली रुपैयाँ साट्नु पर्ने अवस्था नै हुने थिएन । प्रतिवादीहरूले जानीजानी उक्त नक्कली भारु लिएको प्रमाणित नभएसम्म प्रतिवादीहरूलाई कसूरदार कायम गर्नु न्यायसंगत एवं कानूनसंगत नहुने ।

इजलास अधिकृत : श्री हेमबहादुर सेन

कम्प्युटर : अमिररत्न महर्जन

इति स्रवत् २०६६ साल भदौ २९ गते रोज २ शुभम् ।

४.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रणबहादुर बम,** २०६४ सालको WO-९३६, उत्प्रेषण परमादेश, *सुरेशराज पण्डित वि. समाज कल्याण परिषद् केन्द्रीय कार्यालय लैनचौर समेत*

निवेदक समाज कल्याण परिषद् केन्द्रीय कार्यालयमा मिति २०५१।११।२२ देखि मिति २०५७।२।९ गतेसम्म अस्थायी लेखापाल (सहायक स्तर) पदमा र मिति २०५७।२।१० गतेदेखि २०६४।७।२१ सम्म स्वेच्छिक अवकाश लिनुपूर्व स्थायी सहायक निर्देशक (अधिकृत स्तर) पदमा रही अटुट सेवा गरेकोमा समाज कल्याण परिषद्, कर्मचारी सेवा शर्त नियमावली, २०५०(चौथो संशोधन सहित) को नियम ५९(ग) बमोजिम नोकरी अवधिको गणना गरी निवेदन मागबमोजिम उपदान लगायत अन्य सुविधा प्रदान गर्नुपर्नेमा नियमावलीको त्रुटिपूर्ण व्याख्या गरी निवेदकले अस्थायी लेखापाल पदमा रही गरेको सेवा अवधिसमेतलाई गणना नगर्ने गरी विपक्षीहरूबाट मिति २०६४।१२।१४ मा भएको निर्णय लगायत सो संग सम्बन्धित कारवाही उल्लिखित नियमावली साथै यस अदालतबाट प्रतिपादित सिद्धान्तको समेत प्रतिकूल भै त्रुटिपूर्ण देखिने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल भदौ १४ गते रोज १ शुभम् ।

५.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६२ सालको दे.पु.नं. ८७४८,निर्णय बदर अपुताली हक कायम गरी नामसारी दाखिल खारेज गरिपाऊँ, *डम्बरकुमारी बोगटी वि. राधिका थापा*

वादीको आमा हेमकुमारी बोगटीले आफ्नो जीवनकालमा मिति २०४९।११।१४ र २०४९।१२।९ मा गरिदिएको शेषपछिको बकपत्रबाट पाएका सम्पूर्ण जग्गाहरू वादी राधिका थापाले पाउने नै देखिँदा सो हदसम्म पुनरावेदन अदालत पोखराको फैसला मिलेकै देखिन आयो । तर हेमकुमारीको स्याहार संभार गरेकोमा शेषपछिको बकसपत्रबाट पाएका जग्गाहरू बाहेकको काँकी सम्पत्तिमा छोरी राधिका थापाको अपुतालीको ३ नं. बमोजिम आधासम्म अपुतालीको हक कायम हुनेमा सबै सम्पत्तिमा अपुताली हक कायम हुने ठहराएको

पुनरावेदन अदालत पोखराको इन्साफ नमिलेकोले हदसम्म केही उल्टी भै फिरादमा उल्लिखित शेषपछिको बकपत्रबाट वादी राधिका थापाले पाएका जग्गाहरू बाहेकका अरु बाँकी जग्गाहरूमा मालपोत कार्यालय स्याङ्जाले मिति २०५५।४।१५ मा गरेको निर्णय बदर भै उक्त जग्गाहरूमध्ये आधा जग्गामा मात्र वादीको हक कायम गरी नामसारी दाखेल खारेजसमेत हुने ।

इजलास अधिकृत : श्री हेमबहादुर सेन

कम्प्युटर : अमिररत्न महर्जन

इति स्रवत् २०६६ साल भदौ ३ गते रोज ४ शुभम् ।

६.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६१ सालको दे.पु.नं. ९३६०, दर्ता बदर दर्ता, *मालपोत कार्यालय महोत्तरी वि. जगतनारायण राय समेत*

नागरिकको निर्विवाद हक स्वामित्वको सम्पत्ति सरकारले अपहरण गरी आफ्नो नाममा दर्ता गराएको अवस्थामा बाहेक अन्य अवस्थामा नागरिक अधिकार ऐन, २०१२ अन्तर्गत पुनरावेदन अदालतमा सीधै फिराद पत्र दिई उपचार माग गर्न नमिल्ने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल असोज २० गते रोज ३ शुभम् ।

७.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०७७०, जग्गा दर्ता, *मुरली खत्री वि. गणेशमाया श्रेष्ठ समेत*

पुनरावेदन सुन्ने अदालतले पक्षहरूको सहज पहुँच समेतको विचार गरी शुरु निर्णय बदर गरी सबै प्रक्रिया पूरा गरी पुनः निर्णय गर्न उठाउने अथवा पुनरावेदन सुन्ने अदालतले आफैले सो कार्य गरी पुनरावेदन आफैले मुद्दा छिनिदिन सक्ने जस्ता विभिन्न प्रक्रियामध्ये कुनै एउटा प्रक्रिया अवलम्बन गर्न सक्ने नै देखिने ।

इजलास अधिकृत : हेमबहादुर सेन

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल कात्तिक ८ गते रोज १ शुभम्

८.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको स.फौ.पु.नं. ०६४-CR-०५७३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शान्ति राना मगर*

प्रतिवादीले मृतकलाई मार्ने नियतबाट तत्काल अन्यत्रबाट छुरी खोजेर हिर्काएको अवस्था पनि देखिँदैन । तत्काल तरकारी काट्दै गरेको अवस्थामा मृतकको दुर्व्यवहारबाट प्रभावित भई हातमा भै रहेको छुरीले तत्काल मौकामा नै झै झगडा हुँदा उत्पन्न भएको रिस थाम्न नसकी मृतकलाई हिर्काएको देखिँदा मुलुकी ऐन ज्यान सम्बन्धीको महलको १४ नं. बमोजिमको सजाय हुने ठहराएको र प्रतिवादीको उमेर घटनाको प्रकृति अवस्था हेर्दा र निजको स्कूलले र सम्बन्धित वडा कार्यालयले लेखिदिएको उमेरको रेकर्डबाट निज प्रतिवादीउपर बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) आकर्षित हुने भै ६ महिना कैदको सजाय हुने ।

इजलास अधिकृत : हेमबहदुर सेन

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल कात्तिक ८ गते रोज १ शुभम् ।

९.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको फौ.पु.नं. ६५४, यातना क्षतिपूर्ति, *अर्जुनराज पुरी वि. बासुदेव शर्मा पण्डित*

प्रत्यर्थी प्रतिवादी राज्यको जिम्मेबार सरकारी निकायको सार्वजनिक कार्यको दायित्व निर्वाह गर्ने पदाधिकारी हुन् भन्ने देखिए तापनि निजले पुनरावेदक वादीलाई न त गैह्रकानूनी तरिकाबाट पक्राउ गरेको पाइन्छ न त कुनै गम्भीर फौजदारी अभियोगको सिलसिलामा हिरासतमा राखिएको देखिन्छ । यी पूर्वावस्थाको अभावमा नितान्त दुवै पक्षबीचको व्यक्तिगत मामलामा भए

गरिएका कानूनविपरीतका काम कारवाहीमा छुट्टै कानूनअनुरूप कार्यवाही चलाउनु पर्नेमा यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को सहारा लिई पुनरावेदक वादी अदालत समक्ष प्रवेश गरेको उक्त कानूनअनुरूप मान्न नमिल्ने ।

इजलास अधिकृत : खड्गराज अधिकारी

कम्पयुटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल बैशाख १३ गते रोज १ शुभम् ।

१०.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती**, २०६२ सालको दे.पु.नं. ८५९९, मिलापत्र बदर, *अख्तर अली अन्सारी वि. अकवर अली अन्सारी,* २०६५ सालको दे.पु.नं. ०३७३, *सकिला बानो अन्सारी वि. अकबर अली अन्सारी*

प्रत्यर्थी वादीले यी पुनरावेदक प्रतिवादीहरूका उपरमा मिति २०५८।१०।१० मा अंश मुद्दा दायर गरिसकेपछि सो मुद्दालाई प्रभावित पार्न यी पुनरावेदक सकिला बानो अन्सारी समेतले यी अख्तर अलीलाई विपक्षी बनाई मिति २०५८।१०।१४ मा अंश मुद्दा दायर गरेको देखिएको र उक्त अंश मुद्दामा यी पुनरावेदक अख्तर अलीका नाउँ दर्ताको जग्गा सकिला बनो अन्सारी र मुख्तर अलीका नाउँमा संयुक्त दर्ता हुने गरी अंश लिई दिई मिति २०५८।११।१५ मा मिलापत्र भए गरेको देखिएबाट प्रत्यर्थी वादीको अंश हकमा असर पर्ने गरी यी पुनरावेदक अख्तर अली र सकिला बानो समेतको बीचमा भएको मिति २०५८।११।१५ को मिलापत्र बदर हुने ।

इजलास अधिकृत : बासुदेव पौडेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६५ साल बैशाख २३ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६२ सालको दे.पु.नं. ८५९७ र ८५९८, अंश, *अख्तर अली अन्सारी वि. अकवर अली अन्सारी, सकिला बानो अन्सारी वि. अकवर अली अन्सारी* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

११.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती**, २०६४ सालको दे.पु.नं. ०६३-CI-१२०२, अंश चलन, *पुष्करप्रसाद वाग्ले वि. राधादेवी वाग्ले उपाध्याय समेत*

जग्गाहरू वादी पुष्करप्रसाद वाग्लेले अन्य व्यक्तिहरूलाई हक हस्तान्तरणसमेत गरेको देखिन्छ । यसै गरी प्रतिवादी पक्षले पनि सम्पत्ति हस्तान्तरण गरेका कागजात मिसिल संलग्न छन् । यी दुवै पक्षका व्यवहार स्वतन्त्र रुपले भइआएका छन् । एउटा पक्षको व्यवहारमा अर्को पक्षले न कहिल्यै अवरोध गरेको छ, न चुनौती दिएको छ न त सहमतिको आवश्यकता महसूस नै गरिएको छ । यसरी सगोलका जग्गाहरूको दर्ता फुटेको र वादीले आफ्नो नाममा नापी दर्ता गराएका जग्गाहरू स्वतन्त्र रुपबाट विक्री वितरण भोग चलन गरेको समेत तथ्यलाई अंशबण्डाको ३० नं. को प्रयोजनका लागि व्यवहार प्रमाणबाट अलग भिन्न भएको मान्नुपर्ने ।

घरसारमा नरमगरम मिलाई सम्पत्ति विभाजन गरी हिसाब भागशान्तिबमोजिम लिई पाई दर्तासमेत फोडी नापी दर्ता गराई भोग विक्री व्यवहार गरिआएबाट व्यवहार प्रमाणबाट वादी प्रतिवादीबीच वण्डा हुन बाँकी रहेको नदेखिने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

कम्पयुटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल असार १७ गते रोज ४ शुभम् ।

१२.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती**, २०६२ सालको फौ.पु.नं. ३६१५, जवर्जस्ती करणी, *नेपाल सरकार वि. लकिन प्रधान*

प्रतिवादीले आफ्नो बाबुबाट बकसस्वरुप सम्पत्ति प्राप्त गरी बेचिसकेकोले पीडितलाई आधा अंश दिलाई दिन नसकेको भन्ने शुरु तथा पुनरावेदन अदालतको फैसलाबाट देखिन्छ । तर मिसिल संलग्न कागजातहरू हेर्दा यी प्रतिवादी लकिन प्रधानले आफ्नो बाबुबाट अंशवण्डा गरी अंश छुट्टाई लिएको वा अंश छोडपत्र गरेको भन्ने

कहिँकतैबाट देखिँदैन । अंशवण्डाको ३० नं. लाई हेर्दा अंशवण्डा हुन रीतपूर्वक वण्डापत्र हुनुपर्ने कानूनी व्यवस्था गरेको देखिन्छ । बाबुले बकसपत्र गरी दिँदैमा निजले रीतपूर्वक पाउने अंश हक नै समाप्त भयो भन्ने मान्न मिल्ने देखिएन । प्रतिवादी लकिन प्रधानले आफूले पाउनुपर्ने अंश पाई केही नभएको अवस्था हो वा होइन ? सो समेतको व्यहोरा यकीन नगरी केवल बाबुबाट पाएको बकसपत्रको सम्पत्ति बिक्री गरिसकेको भन्नेलाई मात्र आधार मानी निज प्रतिवादीको अंश गर्नुपर्ने सम्पत्ति नभएको भनी पीडित ख कुमारीले अंश नपाउने भन्न नमिल्ने ।

इजलास अधिकृत : हेमबहदुर सेन

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल भदौ २ गते रोज ३ शुभम् ।

## इजलास नं. ६

१.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६२ सालको दे.पु.नं. ८०५८, जग्गा बाटो खिचोला घर भत्काई सार्वजनिक निकास बाटो खुलाई चलन, *शंकर साह कलवार वि. नेपाल राष्ट्रिय प्राथमिक विद्यालय भिस्वा समेत*

२०५२ सालमा भएको सर्वे नापीको क्रममा तयार भएको नक्सामा स्कूल भवनको अस्तित्व रहेको देखिएकोले मिति २०५७।३।१५ मा प्रतिवादीहरूले स्कूल भवन निर्माण गरेको भन्ने वादी दावी मिथ्या प्रमाणित भइरहेको छ । नापी नक्साबाट २०५२ साल पूर्व नै स्कूल भवन बन्दा आफ्नो समेत जग्गा मिची घर बनाएको भनी मुलुकी ऐनको घर बनाउनेको महलको ११ नं.को हदम्यादभित्र फिराद दायर गर्न नसकी अहिले आएर कल्पित मिति कायम गरी गरेको फिराद दावी हदम्यादबिहीन देखिने ।

इजलास अधिकृत : सुदीप दंगाल

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल असार १६ गते रोज ३ शुभम् ।

२.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६२ सालको रिट नं. २४६७, उत्प्रेषण परमादेश, *मनोजकुमार ठाकुर वि. भूमिसुधार कार्यालय महोत्तरी जलेश्वर समेत*

जग्गा बाँडफाँड गर्ने सम्बन्धमा मोही र जग्गाधनीबीच सहमति नभएको अवस्थामा भूमिसुधार कार्यालयले ऐनको दफा २६घ बमोजिम जग्गा बाँडफाँड गर्दा नरमकरम मिलाई क्षेत्रफलमा आधा-आधा गरी बाँडफाँड गर्नुपर्नेमा सो नगरी कि.नं. १०९ को सो सीम जति पूरै जग्गा जग्गाधनी यी रिट निवेदकको भागमा पर्ने गरी र कि.नं. १०८ को अब्बल जग्गामा उत्तरतर्फबाट राजमार्गसँग जोडिएको बढी मूल्य पर्ने र बढी क्षेत्रफलको जग्गा मोही चक्रबहादुर डिमङ्मको भागमा पर्ने गरी बाँडफाँड गर्ने गरी निर्णय गरेको भन्ने भूमिसुधार कार्यालयको सो निर्णय मिसिलबाट देखिन्छ । भूमिसुधार कार्यालयको उक्त निर्णय ऐनको दफा २६घ को व्यवस्था र मनसायअनुरूप क्षेत्रफल र मूल्य समेतको अनुपातमा नरमकरम मिलाई जग्गाधनी र मोहीलाई जग्गा काँडफाँड भए गरेको नदेखिने ।

इजलास अधिकृत : सुदीप दंगाल

इति संवत् २०६६ साल भदौ २५ गते रोज ५ शुभम् ।

## इजलास नं. ७

१.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६३-CR-०६३२, कर्तव्य ज्यान, *चित्रबहादुर दर्जी वि. नेपाल सरकार*

प्रतिवादीले मृतकलाई कुटपीट गरेको तथ्य प्रमाणित भै सोही पीडाको कारण थला परी मृतक भूमिराजको मृत्यु भएको देखिएको हुँदा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसूर कायम गरी जन्मकैदको सजाय हुने ।

वारदातको प्रकृति र वारदात भइसकेपछि तत्कालै प्रतिवादीले मृतकप्रति देखाएको सदाशयतायुक्त व्यवहार, वारदातपछि मृतकको मृत्युहुँदा सम्मको उपचार र सो क्रममा लागेको समय समेतलाई दृष्टिगत गर्दा पुनरावेदन अदालत बाग्लुङ्गले ५ वर्षमात्र कैद सजाय हुने राय व्यक्त गरेको देखिए तापनि घटनाको प्रकृति, स्वरुप एवं परिस्थितिसमेतलाई हेर्दा सो सजाय कम देखिई यी प्रतिवादी चित्रबहादुर दर्जीलाई मुलुकी ऐन अदालती बन्दोवस्तको १८८ नं. बमोजिम ६ वर्ष ६ महिना कैद हुने ।

इजलास अधिकृत : सुदीप दंगाल

इति संवत् २०६६ साल पुस १ गते रोज ४ शुभम् ।

**इजलास नं. ८**

१.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६३ सालको दे.पु.नं. ४६९ र ६७९, अंश चलन, *अञ्जुदेवी गुरुङ समेत वि. चन्द्रबहादुर गुरुङ समेत*

अंशियारको नाममा कुनै सम्पत्ति रहँदैमा अंशवण्डाको ३० नं. को प्रयोजनको लागि व्यवहार प्रमाणबाट अंशवण्डा भइसकेको अर्थ गर्न मिल्दैन । व्यवहार प्रमाणबाट अंशवण्डा भएको देखिनका लागि पनि नरमगरम मिलाई अंशवण्डा गरेको अंशवण्डा गरी भाग शान्ति पाएको सम्पत्ति आ-आफ्नो नाममा दाखिल खारेज भएको पनि देखिनु पर्ने हुन्छ । प्रमाण ऐन, २०३१ को दफा २७(२) बमोजिम प्रचलित नेपाल कानूनबमोजिम वादीलाई दिनु वा बुझाउनु पर्ने कुरा सो कानूनबमोजिम दिए वा बुझाएको छु भनी प्रमाणित गर्ने भार प्रतिवादीको हुन्छ । प्रतिवादीहरूले वादीहरूलाई विधिवत् वण्डापत्र पारित गरी अंश दिएको वा घरसारमा नरमगरम मिलाई भागशान्ति अंश दिएको भन्ने कुराको प्रमाण पुऱ्याउन सकेको नदेखिँदा केही जग्गा जमिन वादीहरूको नाममा रहँदैमा अंशवण्डा भई छुट्टिभिन्न भइसकेको मान्न नमिल्ने ।

प्रतिवादी चन्द्रबहादुर गुरुङ र बिना गुरुङले आफ्नो निजी आर्जन र स्त्री धन भनी दावी गरेपनि निजी आर्जनको तथ्ययुक्त ठोस सबूद पेश गर्न नसकेको एवं एकाघर सगोलको अंशियार अर्को अंशियारलाई बकसपत्र गरिदिँदैमा स्त्री धन वा दाइजो पेवा मानी अरू अंशियारलाई अंश हकबाट वञ्चित गर्न नमिल्ने हुँदा उक्त कि.नं. ८२, ७५ र ७३८ को जग्गाहरू अंशवण्डाको महलको १८ नं.प्रयोजनको निमित्त निजी आर्जन अथवा स्त्री धनको १ नं. को प्रयोजनको लागि स्त्री धन मान्न नमिल्ने ।

प्रतिवादी चन्द्रबहादुर गुरुङ र बिना गुरुङको नाममा कम्पनीको रुपमा दर्ता भई निजी रुपमा सञ्चालित माउण्ट भ्याली स्कूलको सम्बन्धमा उक्त कम्पनी संस्थापनार्थ संस्थापकहरू चन्द्रबहादुर गुरुङ र बिना गुरुङले खरिद गर्ने भनी कवोल गरेका शेयर पुरानो विद्यालयको सम्पत्तिबाट चुक्ता गर्ने भन्ने पाइदैन । वादी प्रतिवादीहरू बीच मानो छुट्टिए पछि सो कम्पनी दर्ता भएको देखिनाले विवादित नयाँ विद्यालय पुरानो विद्यालयको स्थानमा यथावत् सञ्चालन भएको देखिए पनि पुरानो विद्यालयको सम्पत्तिबाट प्रतिवादीहरूले कम्पनीको रुपमा दर्ता भएको विद्यालयको शेयर खरिद गरेको भन्ने नदेखिँदा मानो छुट्टिएको मितिपछि प्रतिवादीहरूले खरिद गर्न कवुल गरेको शेयरमा वादीहरूको हक नपुग्ने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल कात्तिक २५ गते रोज ४ शुभम् ।

२.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको सं.दे.पु.नं. २५, पालनपोषण समेत गरिपाऊँ, *किशोर के.सी. वि. कविता के.सी.*

नाबालक छोरी कसको साथमा रहने भन्ने विषयमा प्रस्तुत मुद्दा परेको नभई पालन पोषणको खर्च दिलाई भराई पाउन निमित्त नाबालकको

आमाले दायर गरेको फिरादमा निर्णय दिनु परेको अवस्था छ । प्रस्तुत पालनपोषणको खर्चको लागि परेको फिरादबाट नाबालक छोरी कसको साथमा रहने भनी निर्णय गर्न नमिल्ने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल मंसिर १८ गते रोज ५ शुभम् ।

३.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री रणबहादुर बम,** २०६० सालको दे.पु.नं. ९२६४, अंश दर्ता, *शिवलोचन राउत अहिर वि. तेतरीदेवी अहिरन समेत*

जुनसुकै अंशियारको नाममा जग्गा नाप जाँच भई दर्ता रहे भएको भए पनि सो जग्गा एकासगोलको मानी सबै अंशियारलाई वण्डा गरिदिनु पर्ने हुन्छ । प्रमाण ऐन, २०३१ को दफा ६ (क) मा "एकाघरसँगका अंशियारहरूमध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्ने छ" भन्ने उल्लेख भएको पाइन्छ । रीतपूर्वकको अंशवण्डाको लिखत नभई आ-आफ्नो नाममा दर्ता भएकोमा वादी प्रतिवादीहरूमध्ये जुनसुकै अंशियारका नाममा दर्ता रहेको भए पनि सो सम्पत्ति सगोलको सम्पत्ति भई सबै अंशियारहरूको समान हक हुने ।

इजलास अधिकृत : लालप्रसाद अर्याल

इति संवत् २०६६ साल कात्तिक १६ गते रोज २ शुभम् ।

४.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री रणबहादुर बम,** २०६० सालको दे.पु.नं. ९१७३, बाली मोही निष्काशन, *हरिनारायण मण्डल वि. सुवर्णबहादुर श्रेष्ठ*

कुत बालीको हकमा प्रतिवादीले कुत वाली बुझाइसकेको भन्ने बाली बुझेको भरपाई वा अन्य यस्तै निश्चयात्मक प्रमाण मोहीले पेश गर्न नसक्नुका साथै विवादित २०५५ सालको बाली नबुझाएको तथ्यलाई प्रतिउत्तर पत्रमा स्वीकारै गरेको देखिँदा भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३६ बमोजिम जग्गाधनीलाई तोकिएको कुत बाली बुझाउनु मोहीको दायित्व हुने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल मंसिर २३ गते रोज २ शुभम् ।

५.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री रणबहादुर बम,** २०५९ सालको दे.पु.नं. ७९२७, मोही प्रमाणपत्र, *सनहु मोची वि. अजवी यादव*

प्रमाणहरूबाट पुनरावेदक वादी सनहु मोची उक्त जग्गाको मोही रहेको तथ्य स्थापित भएको देखियो । प्रतिवादी अजवी यादवको प्रतिउत्तरबाट पनि उपरोक्त तथ्य प्रमाण सहित खण्डन हुन सकेको देखिएन । अ.वं. १८५ क नं. को देहाय २ अनुसार वादी हाजिर नरहेको अवस्था भए पनि मिसिल संलग्न प्रमाणहरूबाट वादी सनहु मोची विवादित जग्गाको मोही हो भन्ने देखिइरहेको अवस्थामा उक्त स्थापित तथ्यहरूलाई वेवास्ता गरी वादी मुद्दामा हाजिर नभएको भन्दै तत्सम्बन्धी कानूनी व्यवस्था मुलुकी ऐन अ.वं. १८५क नं. को संकिर्ण व्याख्या गरी मुद्दा डिसमिस गर्ने गरी गरिएको निर्णय त्रुटिपूर्ण देखिने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल कात्तिक २३ गते रोज २ शुभम् ।

६.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री रणबहादुर बम,** २०६० सालको दे.पु.नं. ९२६३, अंश दर्ता, *शिवमंगल राउत अहिर समेत वि. खिरु राउत अहिर*

अंश पाउने व्यक्तिको नैसर्गिक हक हो । अंशबाट कुनै पनि व्यक्तिलाई वञ्चित गर्नु न्यायसंगत हुँदैन" वादी प्रतिवादीहरू अंशियार भएकोमा विवाद देखिँदैन । आधिकारीक स्रेस्ता तथा प्रमाण कागजातको अभावमा अंशियारहरू अघि नै छुट्टि बेगल-बेगल भएको भन्ने नदेखिँदा केवल ७ नं. फाँटवारी अलग-अलग भरी तिरो भरो समेत गरेको कारण र आधार समेतबाट वादीलाई अंश दिनुपर्ने होइन भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकीर कानून तथा न्यायसंगत देखिन नआउने ।

इजलास अधिकृत : लालप्रसाद अर्याल

इति संवत् २०६६ साल कात्तिक १६ गते रोज २ शुभम् ।

७.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री रणबहादुर बम,** २०६३ सालको फौ.पु.नं. ३९८, लुटपीट, *हरिबशन्त शर्मा वि. जयराम खड्का*

लुटपीटको वारदात भएको वस्तुनिष्ठ रुपमा पुष्टि हुन नसकेको फिरादको व्यहोरा र प्रमाणको रुपमा पेश भएको वादीले तुलसीपुर नगरपालिकामा दिएको निवेदनको व्यहोरा तात्विक रुपमा नै फरक देखिएको र घटनाको वारेमा मौकैमा कुनै स्थलगत विवरण नाप नक्सासमेत हुन नसकेको अवस्थामा केवल मुद्दा पर्नुभन्दा अगावै अन्य प्रयोजनका लागि गरेको नाप नक्सालाई आधार मानी प्रतिवादीलाई लूटपीट गरेको कसूर ठहर गर्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल भदौ २५ गते रोज ५ शुभम् ।

## इजलास नं. ९

१.

**मा.न्या.श्री ताहिरअली अन्सारी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६३ सालको फौ.पु.नं. ००७२, अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेको, *नेपाल सरकार वि.ज्ञानप्रसाद भट्टराई*

जुन व्यक्तिबाट रकम लिई भ्रष्टाचार गरेको भनिएको छ सो व्यक्ति आनन्द बरालले सो रकम फिर्ता पाइन वा सो रकम प्रतिवादीले कुनै काम गर्न वा नगर्न घूसबापत लिएको भन्ने कुनै उजूरी नदिएको र बकपत्र समेत नगरेको अवस्थामा उक्त रकमको लेनदेन भयो भन्ने नै प्रमाणित हुन सकेको छैन । अनुसन्धान क्रममा गरेको बयानलाई मान्दा पनि सापटीस्वरुप रकम दिएको भन्दाभन्दै सो सापटी रकमले कुनै कार्य गराउन वा नगराउन मद्दत गरेको प्रमाणित नभएको अवस्थामा आनन्द बरालबाट सापटी लिएको भनी अनुमान गर्दा पनि त्यस्तो कार्यको आधारमा प्रतिवादीलाई कसूरदार ठहऱ्याउनु न्यायसंगत नहुने ।

इजलास अधिकृत : कृपासुर कार्की

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६५ साल चैत ४ गते रोज ३ शुभम् ।

२.

**मा.न्या.श्री ताहिरअली अन्सारी र मा.न्या.श्री रणबहादुर वम,** २०६४ सालको दे.पु.नं. ००७३, अंश लिखत बदर, *विष्णुकुमारी अधिकारी वि. गोविन्दबहादुर अधिकारी समेत*

सगोलको जग्गामा घर निर्माण गर्न एकासगोलका परिवारको सदस्यबाट ऋण लिएको भन्ने भनाई युक्तिसंगत नदेखिने हुँदा निजी आर्जनबाट पक्की घर निर्माण गरेको भन्ने कुरा समेत स्थापित हुन नसकी निजी आर्जन पुष्टि नभएको अवस्थामा वादीहरूको मञ्जूरीवेगर गरेको दावीको राजीनामा लेनदेन व्यवहारको १० नं. ले बदर हुने भै वादीहरूले वण्डा गरी लिन पाउने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल मंसिर ३ गते रोज ४ शुभम् ।

३.

**मा.न्य.श्री ताहिरअली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०५९ सालको दे.पु.नं. ८०८७, पर्खाल भत्काई बाटो खुलाई पाऊँ, *श्यामबहादुर के.सी. वि. केदारनाथ दाहाल*

प्रस्तुत मुद्दामा दावी गरिएको बाटोको जग्गाका विषयमा निजी स्वामित्व जग्गा हो वा सार्वजनिक बाटोको जग्गा हो सो सम्बन्धमा तेरो मेरोको विवादको सिर्जना भएकोमा त्यस्तो विवादको निरोपण गरी जग्गाको स्वामित्व निर्धारण गर्ने अधिकार महानगरपालिकामा रहे भएको देखिन आएन । त्यस्तो विवाद भएकोमा अधिकार प्राप्त अदालतबाट हक बेहकको विवादमा निर्णय गराउनका लागि अदालतमा उजूर गर्न जान सुनाउनु पर्ने भन्ने नै उपरोक्त कानूनी व्यवस्था हो । यस्तो वाध्यात्मक कानूनी व्यवस्थाको उल्लघंन गरी प्राप्त नभएको अधिकारक्षेत्र ग्रहण गरी अनधिकृत रुपमा गरिएको निर्णय कायम रहन नसक्ने ।

इजलास अधिकृत : दीपक ढकाल

इति संवत् २०६६ साल कात्तिक ४ गते रोज ४ शुभम् ।

४.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०५८ सालको स.फौ.पु.नं. २८७८, लागू औषध चरेश, *धनकुमारी सिटौला वि. नेपाल सरकार,* २०५८ सालको स.फौ.पु.नं. २८७९, *लक्ष्मण बराल वि. नेपाल सरकार*

एउटै बरामदी मुचुल्कामा सहिछाप गर्ने कुनै व्यक्तिलाई मुद्दा नै नचलाइनु र कसैलाई चलाइने पर्याप्त आधार के हो सो अभियोगमा केही उल्लेख नै छैन । लागू औषध चरेससम्बन्धी अपराधमा प्रमाण पुऱ्याउने भार अभियुक्तमा छ भन्दैमा हर अवस्थामा हरेक मुद्दामा वादी पक्षले प्रमाण जुटाउनै पर्दैन भन्ने ऐनको मनसाय होइन । सबै प्रमाणबाट प्रतिवादीहरू निर्दोष देखिने स्थिति छ भने सोको विरुद्ध आफूले लगाएको अभियोग प्रमाणित गर्न प्रमाण पुऱ्याउन पर्ने भार र कानूनी दायित्व वादी पक्षको पनि हो । सो कुरालाई इन्कार गर्न मिल्दैन । यस्तो फितलो, मनोगत र अनुमानका आधारमा लिएको दावीबाट मात्र यी प्रतिवादीहरूले कसूर गरेको ठहर गर्न कानून र न्यायसंगत आधारमा लिएको दावीबाट मात्र यी प्रतिवादीहरूले कसूर गरेको ठहर गर्न कानून र न्यायसंगत हुदैन । मुख्य अभियुक्त कर्मा भन्ने करम बुढा मगरले पोल नगरे पनि बरामदी मुचुल्कामा उपस्थिति देखिनुलाई नै Circumstantial Evidence हो भनी दावी लिइएको छ । तर प्रतिवादीहरूबाट दशी बरामद भएको छैन । निजहरू विरुद्ध कुनै साक्षी प्रमाण छैन यस्तो अवस्थामा यी पुनरावेदकहरू उपर लगाएको अभियोगको आधार र सबूद प्रमाणको अभावमा लागू औषध चरेस जस्तो गम्भीर अपराधमा सजाय नमिल्ने ।

इजलास अधिकृत : दीपक ढकाल

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६६ साल असोज २७ गते रोज ३ शुभम् ।

५.

**मा.न्य.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६१ सालको फौ.पु.नं. ३६८६, रुख काटेको, *नेपाल सरकार वि. नसिवबहादुर सिँह समेत*

प्रस्तुत मुद्दा दायर हुँदाका अवस्थामा विवादित जग्गा छुट जग्गा दर्ताका लागि कारवाहीमा रहेको र छुट दर्ताको निवेदनमा जग्गा दर्ता हुने नहुने भन्ने सम्बन्धमा निर्णय भई नसकेको भन्ने सम्बन्धमा विवाद देखिँदैन । उक्त जग्गा प्रतिवादीहरूको नाममा निजी दर्ता हुने हो वा सरकारी वन क्षेत्र नै कायम हुने भन्ने सम्बन्धमा सम्बन्धित निकायबाट पछि ठहरेबमोजिम हुने नै हुँदा त्यसतर्फको दावी पनि पुग्न नसक्ने भई प्रतिवादीहरूले आरोपित कसूरबाट सफाई पाउने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल मंसिर २८ गते रोज १ शुभम् ।

६.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री सुशीला कार्की,** २०६१ सालको फौ.वि.नं., अदालतको अवहेलना, *ताराप्रसाद सिलवाल समेत वि. स्थानीय विकास मन्त्रालय हरिहरभवन ललितपुर समेत*

विवादको उत्प्रेषण मिश्रित परमादेश प्रतिषेध मुद्दामा भएको अन्तरिम आदेश हेर्दा फलफूलको लगत राखी हाल कुनै पनि कर शुल्क दस्तूर आदी असूल नगर्नु भनी आदेश भएको देखिन्छ । सो आदेश पश्चात् विपक्षीहरूले कुनै कर उठाएको पाइदैन । आदेशपश्चात् पनि कर उठाएको भनी पहिला दायर गरेको उत्प्रेषण मिश्रित परमादेश प्रतिषेध मुद्दामा निवेदन साथ पेश गरेका तिनै विजक रसिदमात्र यस मुद्दामा पेश गरेको देखिन्छ । आदेशको अवज्ञा गरी विपक्षीहरूले कर उठाएको वा लिएको भए कर तिरेको आदेश भए पश्चात् सो विल पेश गर्न सक्नुपर्नेमा पेश गर्न सकेको पाइएन । कर नलिई फलफूलको लगतसम्म राखिएको कार्यलाई कर लिएको सरह मानी आदेशको अवज्ञा गरेको भनी मान्न नमिल्ने ।

इजलास अधिकृत : दीपक ढकाल
इति संवत् २०६६ साल कात्तिक २२ गते रोज १ शुभम् ।

७.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६० सालको फौ.पु.नं. ३१४३, भ्रष्टाचार, *पुण्यप्रसाद वाग्ले वि. नेपाल सरकार*

विनियोजित रकमले आम्दानी खर्चको विल भरपाईसहितको हिसाब राख्नुपर्ने दायित्व भएका लेखापाल पुण्यप्रसादले उल्लिखित चेकको रकम यो यस शीर्षकमा खर्च भएको भन्न र त्यसको विल भरपाई छ भनी पेश गर्न सकेको समेत देखिएन । सो रकमको कुनै स्रेस्ता समेत राखेको देखिएन । सरकारी खाताको रकमको आर्थिक कारोवारको लेखा तथा स्रेस्ता नै नराखी बैंक खाताको रकम चेकबाट झिकी अर्को असम्बन्धित व्यक्तिको नाउँमा दर्ता रहेको फर्मको खातामा जम्मा गरी सो खाताबाट रकम झिक्ने काम भएको देखिँदा सो कार्यलाई बदनियतपूर्वक आर्थिक हिनामिना गरेको मान्नुपर्ने र त्यस्तो आर्थिक हिनामिनालाई आर्थिक कारोबारको बेरुजुमात्र हो भनी मान्न नसकिने ।

आफूलाई गैह्रकानूनी लाभ र सरकारलाई गैरकानूनी हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र दफा १३ बमोजिमको कसूरमा ऐ दफा ७(१)१३ र दफा २९(२) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम सजाय हुने ठहरी सोबमोजिम प्रतिवादी पुण्यप्रसाद वाग्लेलाई जरीवाना रू. ५०००।-(पाँच हजार) गर्ने गरी भएको मिति २०६०।२।२६ को विशेष अदालत काठमाडौंको फैसला मिलेकै देखिने ।
इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ
इति संवत २०६६ साल मंसिर १६ गते रोज ३ शुभम् ।

८.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती**, २०६० सालको दे.पु.नं. ९३३३, सार्वजनिक बाटो कायम गरी बाटो खुलाई चलन चलाई पाऊँ, *लक्ष्मी राय यादव वि. विलास राय यादव समेत*

विवादित न.नं. १६ र न. नं. १६/१ को बाटोवाहेक वादी समेतका व्यक्तिले प्रयोग गरी आएका अन्य कुनै बाटो नदेखिएको अवस्थामा न.नं. २३ को मूल सडकसम्म आवत-जावत गर्ने न.नं. १६ र न.नं. १६/१ को सार्वजनिक बाटो प्रतिवादीहरूले काठ कबाडी राखी बन्द गरेको देखियो । यसरी उल्लिखित नक्साको विवेचनाबाट न.नं. १६ र १६/१ को बाटो परापूर्वकालदेखि चलनचल्तीमा रहेको सार्वजनिक बाटो प्रतिवादीहरूले वन्द गरेको देखिँदा न.नं. २३ को मूल बाटो भन्दा पश्चिमतर्फ गएको न.नं.१७ को निर्विवाद बाटोकै सीधाईमा सोही न.नं. १७ को चौडाइ जति सो बाटो वादीको न.नं. १४ र १४।२ को घर जग्गासम्मको साझा बाटो यी वादी र प्रतिवादी समेतले प्रयोग गर्न पाउने देखिएकोले सो न.नं. १६।१ र न.नं. १६ को बन्द बाटो खुलाई वादी दावीबमोजिम त्यसमा चलनसमेत चलाई दिनुपर्ने ।
इजलास अधिकृत : कृपासुर कार्की
कम्प्युटर : अखतर अली
इति संवत् २०६५ साल चैत ३ गते रोज २ शुभम् ।

## इजलास नं. १०

१.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती**, २०६० सालको दे.पु.नं. ८६६८, अंश नामसारी, *बुद्धु अहिर समेत वि. जंगबहादुर अहिर*

वादीले ना.प्र.नं.९९८७ मिति २०५६।१०।२३ मा जिल्ला प्रशासन कार्यालय रुपन्देहीबाट प्राप्त गरेको नागरिकताको प्रमाणपत्र पेश गरेको र उक्त नागरिकताको प्रमाणपत्रमा बाबुको नाम मुसे अहिर भनी लेखाएको भए तापनि प्रतिवादी मुसे अहिरको सहमतिबाट नागरिकता लिएको भन्ने देखिँदैन । साथै वादीले प्रस्तुत फिराद मिति २०५६।४।२५ मा दायर गरेपछि मात्र मिति २०५६।१०।२३ मा नागरिकताको प्रमाणपत्र लिएको

देखिएको र बाबुबाजे समेत तीन पुस्ते नाम समेत लेखाउन देखाउन नसकेको अवस्थामा उक्त नागरिकताको प्रमाणपत्रलाई आधार मान्न नसकिने ।

राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा DNA परीक्षण गर्न पठाइएकोमा "विवादित छोरा जंगबहादुर अहिर (नमूना C को रक्तदाता), आमा चिनकी अहिरिन (नमूना A को रक्तदाता) र दावी गरिएको बाबु मुसे अहिर (नमूना B को रक्तादाता) को DNA प्रोफाइल तुलना गरी हेर्दा आमा चिनकी अहिरिनबाट जन्मेको बच्चा (नमूना C को रक्तदाता) को जैविक बाबु मुसे अहिर (नमूना B को रक्तदाता) होइन भन्ने पाइयो ।" भनी राष्ट्रिय विधि, विज्ञान प्रयोगशालाको च.नं. ९६७, मिति २०६४।११।३० को पत्रद्वारा विशेषज्ञको रायसहितको परीक्षण प्रतिवेदन प्राप्त भई उक्त परीक्षण प्रतिवेदन प्रस्तुतकर्ता विशेषज्ञ वैज्ञानिक जीवनप्रसाद रिजाललाई यस अदालतको मिति २०६३।११।२३ को आदेशानुसार बुझ्दा पनि सो प्रतिवेदन शत्प्रतिशत सत्य तथ्यमा आधारित रहेको भन्ने बकपत्र भई उक्त वैज्ञानिक परीक्षणबाट समेत वादी जंगबहादुर मुसे अहिरको छोरा होइन भन्ने तथ्य स्थापित हुन आउने ।

अन्य प्रमाणहरूकै आधारमा पितृत्वको विषय यकीन गर्न सकिन्छ भने यो परीक्षण गराउन पर्ने वाध्यता अदालतलाई नहुन पनि सक्छ । विशेषज्ञको रायको आवश्यकता छ वा छैन, अदालतले महसूस गर्ने कुरा भएको प्रमाण ऐन, २०३१ को दफा २३(१) को बनोटले नै प्रष्ट गरेको छ । पक्षले माग गर्दैमा डी.एन.ए. परीक्षण गराउने आदेश दिन अदालत वाध्य हुँदैन । यो परीक्षण माग गर्ने पक्षको भनाई प्रतिकूल राय आयो भने पनि उसले दण्ड जरीवाना समेतका कुनै दायित्व व्यहोर्न नपर्ने हुनाले नाता होइन भन्ने पक्षको मनोविनोद गर्न वा कसै प्रतिको इवी साध्न वा महिलाको मान मर्दन गर्न वा सामाजिक तथा पारिवारिक संरचना खलबल्याउनका लागि डि.एन.ए. परीक्षण गर्ने आदेश सहायक नहोस् भन्ने कुरामा अदालत सधैं सर्तक रहनु पर्ने ।

इजलास अधिकृत : हरिप्रसाद कोइराला
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६६ साल मंसिर २ गते रोज ६ शुभम् ।

२.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०५९ सालको दे.पु.नं. ८८६६, अंश नामसारी, *रामनयन अहिर समेत वि. भगवानी अहिरनी समेत*

पुनरावेदिका पनवाले आफ्नो आमाबाट प्राप्त गरेको सम्पत्ति दाइजोको रुपमा प्राप्त भएको निजी आर्जनको सम्पत्ति भन्नेमा कुनै विवाद देखिएन । सो सम्पत्ति पनवा र निजकी दिदीले बराबर जस्तै पाएको सो धितो राखी ऋण लिएको देखिएको सो जग्गाको सम्बन्धमा परेको मुद्दामा पनि पनवा र निजकी दिदीले मात्र मुद्दा गरेको मिसिल संलग्न लिखत प्रमाणबाट देखिएकोले सो सम्पत्तिमा अन्य अंशियारको अंश नलाग्ने निजी सम्पत्ति भन्ने पुष्टि भएको छ । त्यस्तो सम्पत्ति लिखतमा बकस नभनेकै कारण अन्य अंशियारको पनि हक लाग्ने हो भन्न मिल्ने नभई सो सम्पत्ति कसैलाई वण्डा गर्न कर नलाग्ने पुनरावेदिका पनवाले आफूखुश गर्न पाउने सम्पत्ति देखिने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली
इति संवत् २०६६ साल भदौ २१ गते रोज १ शुभम् ।

३.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. ९६२६, अंश दर्ता, *प्रहलाद चौधरी वि. सोघाई चौधरी*

वादी यिनै प्रतिवादी सोघाई तथा प्रतिवादी यिनै वादी प्रल्हादप्रसाद थारु भएको मोही कायम मुद्दामा प्रल्हाद र सोघाई २०२४ सालमा छुट्टिएकोले वादी सोघाइका नाममा मोही कायम हुने ठहर्छ भनी मिति २०४४।१।३ मा भूमिसुधार कार्यालय बाराबाट फैसला भएको देखिन्छ । यिनै वादी

प्रतिवादीबीच चलेको मोही मुद्दामा विवादित जग्गामा वादीको मोही हक स्थापित नभई हक गुमिसकेको अवस्थामा सोही जग्गा आफूले अंश पाउनुपर्छ भनी लिएको दावी कानून र न्यायको रोहमा मिलेको नदेखिने ।

इजलास अधिकृत : नारायण रेग्मी

इति संवत् २०६६ साल कात्तिक १० गते रोज ३ शुभम् ।

४.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको फौ.पु.नं. ३०५३, जालसाज, *मुनिलाल खंग खत्वे वि. लालोदेवी खत्वे बैरागी समेत*

जालसाजबाट लिएको नागरिकताका आधारमा पारित भएको बकसपत्र लिखत जालसाज घोषित गरिपाऊँ भन्ने दावी भएकोमा सो नागरिकता नै अद्यापि कायम रहे भएको अवस्थामा सो आधारमा भएको बकसपत्र लिखतलाई जालसाज भएको भन्नु न्यायोचित नहुने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल कात्तिक १० गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६० सालको दे.पु.नं. ८१९६, जग्गा खिचोला घर हटाई चलन, *दशन खंग खत्वे समेत वि. सुनरीदेवी तेलिन* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

५.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको फौ.पु.नं. ३०५४, जालसाज, *बेचन मण्डल खंग खत्वे वि. लालोदेवी खत्वे बैरागी समेत*

प्रतिवादीहरूले जालसाज गरी आफ्नो हक जाने गरी दावीका जग्गा वुलन्तीदेवीका नाममा दर्ता कायम हुने गरी मिलापत्र गरेको भनी दावी लिएकोमा दावीको जग्गामा वादीको हक स्थापीत नै हुन नआएको अवस्थामा हकै नपुग्ने कुरामा लिएको वादी दावी कानून, न्यायिक मूल्य मान्यता तथा प्रमाणको रोहबाट समेत पुग्न नसक्ने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल कात्तिक १० गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६० सालको दे.पु.नं. ८१९५, मिलापत्र बदर समेत, *बेचन मण्डल खत्वे वि. लालोदेवी खत्वे बैरागी समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

६.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. ८५५०, हकसफा, *ब्रम्हदेव मिश्र वि. राजेन्द्रप्रसाद मिश्र समेत*

भइआएको नक्सा मुचुल्काबाट वादीका जग्गामा आउन जान वा पानी ल्याउन लैजानका लागि विक्री भएका विवादित जग्गाहरू प्रयोग नगरी नहुने भन्ने कुरा प्रमाणित हुन सकेको पाइएन । वादीले वैकल्पिक मार्ग प्रयोग गर्न सक्ने कुरा उक्त नक्साबाट देखिँदा सन्धिसर्पन परेको भन्ने वादी दावी प्रमाणित हुन नसक्ने ।

इजलास अधिकृत : नारायण रेग्मी

कम्पयुटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल कात्तिक १० गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन् :

- २०६० सालको दे.पु.नं. ८५४९, राजीनामा दर्ता बदर, *प्रमात्मा मिश्र समेत वि. राजेन्द्रप्रसाद मिश्र*
- २०६० सालको दे.पु.नं. ३१७५, जालसाजी, *ब्रम्हदेव मिश्र वि. राजेन्द्रप्रसाद मिश्र*
- २०६० सालको दे.पु.नं. ८५४८, राजीनामा दर्ता बदर, *ब्रम्हदेव मिश्र वि. राजेन्द्रप्रसाद मिश्र*

७.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६० सालको रिट नं. ३३३४, उत्प्रेषण परमादेश, *मोहनभक्त राजभण्डारी समेत वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

विवादित जग्गा प्राचीन स्मारकको दृष्टिकोणबाट आवश्यक देखिए सरकारको तर्फबाट किन्न सक्ने प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ४ को कानूनी व्यवस्थातर्फ पहल नगरी यस्तो व्यक्तिको नाममा दर्ता भैसकेको सम्पत्ति बिनाआधार सरकारको नाममा सार्वजनिक दर्ता गरेको पाइयो । प्राचीन स्मारक संरक्षणको दृष्टिकोणले महत्त्वपूर्ण मानिएको सम्पत्तिमा उपयुक्त कानूनी व्यवस्था अन्तर्गतको प्रक्रिया समेत पूरा नगरी फिल्डबुकमा "थुम्को" जनिएकै आधारमा प्रत्यर्थी पुरातत्व विभागबाट उत्खनन्को कार्य जारी राखेको र मालपोत कार्यालय ललितपुर उक्त विवादित जग्गा निवेदकहरूको नाउँमा दा.खा. दर्ता गर्ने गरेको २०४८।१०।१० को निर्णयको सम्बन्धमा कुनै व्यहोरा उल्लेख नगरी थप प्रमाण पेश नगरेको भन्ने अमुक लेखाई सम्मको आधारमा सो जग्गा पुनः तत्कालीन श्री ५ को सरकारको नाममा सार्वजनिक व्यहोरा जनाई दर्ता गर्ने गरी २०६०।१।४ मा भएको निर्णय कानून एवं न्यायसंगत नदेखिने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : सीता गुरुङ

इति संवत् २०६६ साल कात्तिक ९ गते रोज २ शुभम् ।

८.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको दे.पु.नं. ८८३५, बाँकी रकम दिलाई पाऊँ, *खेमप्रसाद खतिवडा वि. इन्द्र लोहनी*

प्रतिवादीले वादीलाई सम्पूर्ण रकमको ५० प्रतिशत रकम दिने भनी प्रस्तावसम्म राखेको तर आफ्नो दायित्व पूर्ण रुपमा इन्कार गरेको अवस्था देखिँदैन । आपसी सहमतिबाट विवाद समाधान गर्ने प्रयास गरेको देखिन्छ र त्यसपछि २५ अक्टुवर १९९८, ७ जुन १९९९ समेतका पत्रद्वारा सम्पूर्ण रकम माग गरी मागअनुसारको रकम भुक्तानी नगरे कानूनी कारवाही गर्ने भन्ने व्यहोराको जानकारी वादीले प्रतिवादीलाई दिने क्रममा फ्याक्समार्फत समेत पत्राचार गरेकोमा सो रकम प्रतिवादीले वादीलाई भुक्तानी नगरेको र भुक्तानी गर्ने समय समेत माग गरेको नदेखिँदा प्रतिवादीको व्यवहारले नै उक्त मिति ७ जुन १९९२ (२०५६।२।२४) मा रकम दिन इन्कार गरेको देखिएकोले त्यसै मितिबाट प्रतिवादीले आफ्नो दायित्व पूरा नगरी इन्कार गरेको मान्नुपर्ने अवस्था देखियो । तसर्थ पछिल्लो पटक फ्याक्स मार्फत पत्राचार गरेको मिति ७ जुन १९९९( २०५६।२।२४) लाई नै वादीले मुद्दा गर्नुपर्ने कारण परेको मिति मान्नु पर्ने देखिएको र सो मुद्दा गर्नुपर्ने कारण परेको मितिले करार ऐन, २०२३ को दफा १८(२)(ग) को हदम्यादभित्रै मिति २०५६।२।२६ मा प्रस्तुत फिराद परेको देखिएकोले यस अदालतबाट निस्सा प्रदान गर्दा उठाइएको हदम्यादसम्बन्धी प्रश्न मिति ५ अप्रिल १९९८ को पत्रबाट प्रतिवादीले दायित्व इन्कार गरेको भनी सोही मितिबाट नै मुद्दा गर्नुपर्ने कारणको सिर्जना भएको भन्ने पुनरावेदकले लिएको तर्क र आधार करार ऐन, २०२३ को दफा १८(२)(ग) को प्रावधानको प्रतिकूल व्याख्या भएको देखिने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६६ साल असार १८ गते रोज ५ शुभम् ।

९.

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२ सालको दे.पु.नं. ९४१७, घर जग्गा खिचोला, *निजामुद्दिन खाँ समेत वि. कलामुद्दिन खाँ समेत*

नक्सा मुचुल्काके न.नं. ५,६,७,८ न.नं. ९ को घर गल्ली एउटै भई छुट्टै घर र न.नं. १० छुट्टै घर रहे भएको देखिएको तथा न.नं. १० को घरको निकास न.नं. ९ को घरबाट रहे भएको भन्न मिल्ने अवस्था देखिएन । न.नं. १० को पूर्वतर्फ छुट्टै निकास रहेको भनी पुनरावेदन अदालतबाट भएको नक्सा कैफियतमा जिकीर लिएको र सो कुरा अन्यथा भनी प्रतिवादीहरूले खण्डन गर्न सकेको नदेखिएकोले दावीबमोजिम खिचोला गरेको ठहऱ्याई चलन समेत चलाई पाउने ।

इजलास अधिकृत : दीपक ढकाल

इति संवत् २०६६ साल असोज २६ गते रोज २ शुभम् ।

१०.

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६२ सालको दे.पु.नं. ०३८२, परमादेश, *वीजयकुमार दास वि. महोत्तरी जिल्ला सिमरदही गा.वि.स. को कार्यालय समेत*

प्रस्तुत विवादमा कानूनबमोजिम नाता तथा उत्तराधिकारी कायम गर्नुपर्ने र हक कायम गर्नुपर्ने जस्ता साम्पत्तिक अधिकार वा स्वामित्वसम्बन्धी प्रश्न समावेश भएको देखिई सो सम्बन्धमा सबूद प्रमाण बुझी निर्क्यौल गरी निष्कर्षमा पुगेर निर्णय गर्नुपर्ने विषय परमादेशको आदेशको क्षेत्राधिकारभित्र पर्ने नदेखिएकोले निवेदकको मागअनुसार विपक्षीहरूका नाउँमा परमादेशको आदेश गर्न नमिल्ने ।

इजलास अधिकृत : कृपासुर कार्की

इति संवत् २०६६ साल बैशाख ३१ गते रोज ५ शुभम् ।

११.

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. ९३९९, जग्गा खिचोला, *प्रभावतीदेवी चौधराइन समेत वि. हरिहर लोहार समेत*

सोहरतदेइको वादीहरू भतिजा नाता पुस्ताका व्यक्ति होइन भनी प्रतिवादीहरूले विवाद उठाएकोमा नातातर्फ वयान हुँदा वादी पक्षले शिवदिनका छोरा गुरुदयाल र हरदयाल र गुरु दयालका हाँगामा वादीहरू र हरदयालको हाँगामा मृतक शोहरतदेई उल्लेख गरेको पाइन्छ भने अदालतबाट मिति २०५६।५।१७ मा भएको मिसिल संलग्न सर्जमिनका अधिकांश मानिसहरूले वादीहरू मृतक सोहरतदेइको भतिजा, नाति नाताका व्यक्ति हुन् भनी आफ्नो व्यहोरा लेखाई दिएको देखिँदा मृतक शोहरतदेईको नाउँको सम्पत्तिको अपुताली खान पाउने हकदार भएको हुँदा शेषपछिको लिखत पारित नभए तापनि मृतक सोहरतदेइको नाउँको सम्पत्ति कानूनबमोजिम वादीहरूले नपाउने भन्न मिल्ने अवस्था देखिन नआउने ।

इजलास अधिकृत : हरिप्रसाद कोइराला

इति संवत् २०६६ साल कात्तिक २९ गते रोज १ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन् :

- २०६० सालको फौ.पु.नं. ३५४१, कीर्ते जालसाजी, *प्रभावतीदेवी चौधराइन समेत वि. हरिहर लोहार समेत,* २०६० सालको फौ.पु.नं. ३५४२, *रामबढावन अहिर समेत वि.प्रभावतीदेवी चौधराइन समेत*
- २०६० सालको दे.पु.नं. ९४०१, जग्गा खिचोला, *प्रभावतीदेवी चौधराइन समेत वि. हरिहर लोहार समेत*
- २०६० सालको दे.पु.नं. ९४००, कव्जा खिचोला मेटाई चलन चलाई पाऊँ, *प्रभावतीदेवी चौधराइन समेत वि. हरिहर लोहार समेत*

१२.

**मा.न्या.श्री. मोहनप्रकाश सिटौला र मा.न्या.श्री सुशीला कार्की,** ०६३-CI-००१४, लेनदेन, *प्रमिला भट्टराई वि. सीताराम बाँनिया*

एकै दिनमा भएका अन्य लिखत र एउटै व्यवहारलाई उल्लेख नै नगरी लेनदेनको दोहोरो फाइदा लिन खोजेको देखिन्छ । अर्कोतर्फ धितो वापत मिति २०५३।९।२२ मा वादीले पास गरी लिएको कि.नं. २८२ को घर जग्गामध्ये कित्ताकाट गरी कि.नं. ८४३ को ज.रो. ०-४-० र नं. १८१० को राजीनामा लिखतबाट लक्ष्मीप्रसाद पन्थीलाई र कि.नं. ८४४ को ज.रो. ०-६-०-० र सो जग्गामा बनेको घर समेत र नं. १८१२ बाट मिति २०६१।५।२४ मा चिनिमाया कार्की र विष्णुदेवी के.सी. लाई हालैदेखिको बकसपत्र गरी धितो वापत लिएको घर अन्य व्यक्तिलाई हक हस्तान्तरण गरिसकेको अवस्थामा सोही धितो बापत लिएको रकममा दावी गर्नु कानूनसम्मत नहुने ।

इजलास अधिकृत : दीपक ढकाल

इति संवत् २०६६ साल असोज २९ गते रोज ५ शुभम् ।

**एकल इजलास**

१.

**स.प्र.न्या.श्री अनूपराज शर्मा**, रिट नं. ०६६-WS-००१९, उत्प्रेषणयुक्त परमादेश समेत, *अच्यूतप्रसाद खरेल वि. सर्वोच्च अदालत*

निवेदकले संविधानको धारा १३(१) द्वारा प्रदत्त समानताको हक प्रतिकूल भनिएको जिल्ला अदालत नियमावलीको नियम ९५क को उपनियम (२) र पुनरावेदन अदालत नियमावलीको नियम १०५ क को उपनियम (२) को प्रावधान के कुन आधारमा संविधान प्रतिकूल रहेको भनिएको हो सो सम्बन्धमा निवेदक स्वयं नै अन्यमनस्क र अन्यौलग्रस्त रहेको कुरा निवेदन लेखबाट नै देखिन्छ । तसर्थ सम्बन्धित कानूनी प्रावधानको स्वाभाविक सहज र सकारात्मक अर्थबोध नगरी मनोगत बुझाइका आधारमा विभेदजन्य भनी लिइएको दावी प्रथमदृष्टिमा नै ग्रहणयोग्य नरहेबाट प्रस्तुत निवेदनका आधारमा लिखित जवाफ मगाइरहनु पर्ने नदेखिदा खारेज हुने ।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६६ साल पुस २ गते रोज ५ शुभम् ।

२.

**मा.न्या.श्री कल्याण श्रेष्ठ,** २०६६-WO-०४९८, उत्प्रेषण, *टीकाराम अधिकारी वि. नेपाल आयल निगम लि. समेत*

एल.पी. ग्याँस विनियमावली, २०६५ को प्रयोग भै कुनै खास हक अधिकारमा हनन् भएको भनी निवेदकले उल्लेख गरेको देखिँदैन । प्रस्तुत विनियमावली कुनै कानूनी अख्तियारी बेगर बनेको भन्ने निवेदन जिकीरतर्फ हेर्दा उक्त विनियमावली नेपालको अन्तरिम संविधान, २०६३ संग बाझिएको कानून हुँदा धारा १०७(१) बमोजिम बदर गरिपाऊँ भन्ने समेत निवेदन जिकीर रहेको छैन । नेपाल आयल निगमले मिति २०६६।७।१८ मा कान्तिपुर दैनिकमा प्रकाशित गरेको सूचनाबमोजिम निवेदकको विरुद्ध कुनै काम हुने भै निजको कानूनप्रदत्त हक हनन् हुने आशंका विद्यमान छ भन्ने आधारमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) आकृष्ट हुने अवस्था पनि देखिँदैन । निवेदकको माग निषेधाज्ञाको प्रकृतिको देखिएको र यस्तो प्रकृतिको मागको सम्बन्धमा प्रचलित कानूनले दिएको उपचार उपभोग गर्नुपर्ने अवस्थामा यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत प्रवेश गर्न नमिल्ने ।

इजलास अधिकृत : सुदीप दंगाल

इति संवत् २०६६ साल पुस ३ गते रोज ६ शुभम् ।

३.

**मा.न्या.श्री ताहिरअली अन्सारी**, २०६६ सालको रिट नं. ०००९, उत्प्रेषणयुक्त परमादेश, *उमेश गिरी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय काठमाडौँ समेत*

विद्युतीय मतदानबाट निवेदकको मौलिक हकमाथि आघात पुगेको भन्ने देखिन नआई नेपालको अन्तरिम संविधान, २०६३ को भाग ७ अनुसारको संविधानसभाको गठन भै निर्वाचित संविधानसभाको कार्यकालको दुई तिहाईभन्दा बढी अवधि व्यतीत भइसकेको अवस्था समेत हुँदा प्रचार र वौद्धिक अभ्यासका लागि निवेदन पर्न आएकोले प्रस्तुत निवेदन प्रयोजनहीन हुँदा यसमा कारण देखाउ आदेश जारी गरिरहनु नपर्ने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल असोज २१ गते रोज शुभम् ।

४.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला**, रिट नं.०६६-WO-०४६५, उत्प्रेषण परमादेश समेत, *सिकन्दर यादव वि. नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालय सञ्चालक समिति समेत*

निवेदकले आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्म मिति इ.स. ३-१-१९५२ (वि.स. २००८-९-१९) अज्ञानतावश भूल भएको भन्ने उल्लेख गरेको पाइन्छ । सोही शैक्षिक योगयताको प्रमाणपत्रको आधारमा निवेदक सेवामा प्रवेश गरेको/कार्यरत् रहेको अवस्था भएपछि सोही प्रमाणपत्रमा उल्लिखित जन्म मिति अज्ञानता वा भूलवस

उल्लेख भएको भन्न निवेदकलाई विवन्धनको सिद्धान्तले नदिने ।

इजलास अधिकृत : दीपककुमार दाहाल
इति संवत् २०६६ साल मंसिर २४ गते रोज ४ शुभम् ।